मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

आवश्यकता
**पद**: पृष्ठ संयोजक/उपसम्पादक
**संख्या**: २
**जिल्ला संवाददाता**: ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यता**: न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन २२ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक ११२ ● २०८१ साल फागुन १८ गते आइतबार ● Sunday 02, March 2025 ● सूर्योदय: बिहान ६:२८ बजे ● सूर्यास्त: साँझ ६:०६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## हुलाकी राजमार्ग यात्राले मधेशमा फर्केला माओवादीको साख ?



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड हुलाकी राजमार्गलाई केन्द्रविन्दुमा राखेर संगठन विस्तार तथा जनतासँग भेटघाट गरिहेका छन् । मधेशको लाइफलाइन मानिएको हुलाकी राजमार्ग हरेक दलका लागि एजेण्डा बने पनि उपेक्षामै छ । कतिपय ठाउँमा पुल अभावले हुलाकी राजमार्ग सञ्चालनमा आउन सकेको छैन भने कतिपय ठाउँमा हुलाकी राजमार्गको काम नै हुनसकेको छैन ।

राणाकालमा चिठी पुर्याउन राजमार्ग निर्माण गरिएको थियो । मधेशका जिल्ला सदरमुकाम जोड्न महत्वपूर्ण राजमार्गका रुपमा रहेकामा विकल्प बनेर पूर्वपश्चिम राजमार्ग निर्माण भएपछि हुलाकी राजमार्ग अलपत्रजस्तै बन्यो । हरेक राजनितिक दलका लागि चुनावी नारा बने पनि राजमार्ग निर्माणमा खासै ध्यान पुगेन । केही समय यता राजमार्ग निर्माण शुरु गरिए पनि पूर्णरुपमा भने सञ्चालनमा आउन सकेको छैन ।

यही राजमार्गलाई केन्द्रविन्दुमा राखेर प्रचण्डले आफ्नो अभियान थालनी गरेका छन् । अभियानको मुख्य उद्देश्य माओवादीलाई जनतासँग जोडेर मधेशमा पुरानै अवस्थामा पार्टीलाई फर्काउने हो ।

तर माओवादी केन्द्रको वैचारिक बिचलन र पार्टीमा मधेशी नेतृत्व अभावबीच यसले उपलब्धिमूलक अवस्थामा पार्टीलाई फर्काउनेमा भने राजनितिक विश्लेषकहरुको शंका नै छ । पहिलो संविधानसभा निर्वाचनमा मधेशसहित देशमा सशक्तरुपमा उदाएको माओवादी आफ्नो राजनीतिक उदय कायम राख्न सफल भएन ।

पहिलो संविधानसभा निर्वाचनसँगै निरन्तररुपमा माओवादी र अध्यक्ष प्रचण्डको शक्तिमा ह्रास आएको अवस्था छ । पहिलो संविधानसभामा माओवादीले २ सय २९ सिटमामा जित हासिल गरेको थियो । त्यसमा पनि मधेशमा माओवादीले राम्रै सिट जितेको थियो । त्यो समय मधेशकेन्द्रित दलहरु मधेशमा पहिलो दलका रुपमा उदाएका थिए ।

माओवादीजस्तै मधेशकेन्द्रित दलहरुसमेत कमजोर भएका छन् । माओवादी आफ्नो एजेण्डामै अडिग नरहेका कारण र आफ्नै मधेशी नेताको अन्र्तद्वन्द्व समाधान गर्न नसकेकाले मधेशमा माओवादी निरन्तर कमजोर बन्दै कतिपय मधेशका प्रभावशाली नेताले समेत माओवादी पार्टी छाड्न थालेकाले निकै कमजोर अवस्थाा छ ।

पछिल्लोपटक समेत माओवादी अध्यक्ष प्रचण्डले आफनो सत्ता जोगाउन मधेशकेन्द्रित दल जसपा नेपाललाई फुटाइदिएको अवस्थासमेत छ । सत्ताका लागि जे जस्तो पनि गर्ने चरित्र अन्य संसदवादी दलमा जस्तै प्रचण्डमा समेत देखिएको छ । राजनीतिकरुपमा माओवादी आफ्नो एजेण्डामा अडिग नरहेकाले उसको शक्ति क्षयीकरण भएको अवस्था छ । प्रचण्डले सिरहा, क्षेत्र नम्बर ४ बाट निर्वाचनमा उम्मेवादर बनेका थिए र जसोतसो निर्वाचन जितेका पनि थिए । तर जुन रुपमा सिरहाको विकास हुनुपर्ने हो, त्योसमेत हुन नसकेकाले मधेशले फेरि माओवादीलाई पत्याउला भन्ने आशा कमै भए पनि पार्टीको यस्तो अभियानले थोरबहुत कार्यकर्तालाई उत्साहित भने बनाउने अपेक्षा राजनीतिका जानकार रोशन जनकपुरीको छ ।

उनले यो अभियानबाट पुरानो कार्यकर्ता जो विरक्त भएर पार्टीबाट टाढा गइसकेका थिए उनीहरुलाई पार्टीमा फर्काउने अवस्था सृजना गर्न सक्ने तर माओवादीको सांगठनिक चातुर्यतामाथि निर्भर रहने बताए । उनले भने, 'माओवादी आफ्नो राजनितिक लाइनबाट विस्तारै विमुख बन्दै गएको छ, उनीहरुले उठाएका कुरा केही पूरा भएपछि धेरैबाट विमुख बनेका छन्, यसले अन्य संसदवादी दल र माओवादीमा जनताले फरक देखेनन्, कार्यकर्ता जहाँबाट आएका थिए, त्यहीँ फर्के, कोही जहाँ अवसर देखे, उत्तै लागे ।'

माओवादीले संविधानसभा निर्वाचनपछि मधेशका पक्षमा जुन किसिमले आफ्नो अडान राख्नुपर्ने थियो, त्यसअनुसार नराखेका कारण संसदीय राजनीतिमा पूर्णरुपमा लिप्त भएकाले यसको क्रान्तिकारी चरित्रमाथि नै प्रश्न खडा गरेको छ । माओवादीले संघीयता र संविधानलगायतमा जसरी अन्य पार्टीको विचारसँग आफूलाई खडा गरेको थियो, त्यसले माओवादी मधेशमा कमजोर भयो र अन्य राजनीतिक दल बलियो बन्दै गए । जनकपुरी भन्छन्, 'उत्पीडित समुदायको कुरा पार्टीको दस्तावेजमा मात्रै सीमित भयो, व्यवहारमा अन्य संसदवादी दलजस्तै भए, यसले समेत माओवादीलाई घाटा भयो, उसले जुन मुक्तिका आधार जनतालाई दिएको थियो, वर्ग, जाति, लिंग र समुदाय त्यसबाट विमुख भए, प्रधानमन्त्री बन्ने दौडमा समेत अन्य दलजस्तै कुदे, त्यो माओवादीको राजनीतिक यात्राका लागि घात सावित भयो ।

माओवादी अध्यक्ष दाहाल हुलाकी राजमार्गकेन्द्रित अभियानमा मधेशकेन्द्रित दलमाथि बढी प्रहार गरिरहेका छन् । उनले कतै मधेश आफ्नो माइती भएको त कतै मधेशी शक्तिका आधार नै माओवादीले तयार गरेको र यसले मधेशी जनताको मुक्ति दिलाउने कुरा गरिहेका छन । लोसपा नेपालका महासचिव डा. सुरेन्द्र झा मधेशी जनताको अधिकार र अहिलेको संघीयताको संकुचित आधार नै माओवादी रहेका कारण जनताले अब माओवादीलाई पत्याउन नसक्ने जिकिर गरे र संविधानसभाबाट संविधान जारी भइरहेको अवस्थामा माओवादीले आफनो एजेण्डा छाडेर संविधान निर्माण गरेकाले मधेशका जनतासँग फेरि विश्वास गर्ने आधार माओवादीले नै भत्काएको झाले बताए । उनले भने, 'मधेशी जनताले संविधान निर्माणक्रममा आफ्नो असहमति राखिरहेको अवस्थामा फाष्ट्ट्र्याकबाट संविधान निर्माण गरियो, त्यो बेला मधेशले अधिकार पाउन सकेन, यसको दोषसमेत माओवादीले लिनुपर्छ ।'

उनले भने, 'सिरहाबाट निर्वाचन लडेपछि सिरहामा विकास हुनुपर्ने थियो तर भएन, यसले समेत उनको भनाइ र गराइमा अन्तर देखिएको छ, मधेशका हिजो उहाँसँग रहेको नेतृत्व अहिले कहाँ छन्, आफ्नै नेतृत्वलाई समेत छिन्नभिन्न पारिदिएको अवस्थामा हुलाकी राजमार्ग यात्राले केही फाइदा गर्दैन ।'

जसपा नेपालका सचिव सुरेश मण्डलले समेत माओवादीको आफ्नो नीति भन्दा पछि नियतसमेत ठीक नभएकाले अभियानले मधेशमा खासै प्रभाव नपार्ने जिकिर गरे । उनले केही प्रश्न माओवादीमाथि नै उठिरहेको र त्यसको समेत जवाफ प्रचण्डले दिनुपर्ने भन्दै भने, 'यो कस्तो माओवाद हो, जहाँ आफू बारम्बार प्रधानमन्त्री, छोरी फेरि मेयर, अर्को छोरी स्वकीय सचिव, ज्वाइँ मन्त्री र भाइ राजदूत, दाइ राष्ट्रिय सभा अध्यक्ष बन्नु हुन्छ ? यति यही असली माओवाद हो भने परिवारवाद के हो ?'

त्यसैगरी, नवगठित राष्ट्रिय मुक्ति पार्टीका नेता अनिल महासेठले समेत माओवादीको मधेश यात्राले उनलाई पत्याउने आधार नरहेको बताए । उनले भने, 'नक्कली प्रमाणित भइसकेको माओवादीले नक्कली मधेशवादी कसलाई भनेको होला ? वर्षौंदेखि उहाँको मित्र को होला ? पहिला मधेशसँग लभ पर्यो भन्नुहुन्थ्यो ! यसपालि सिरहा मेरो माइती हो भन्न भ्याउनु भयो ! धेरै भिड्भाड हेरेर हौसिन जरुरी छैन कमरेड ?'

तर माओवादीलाई भने यो अभियानले मधेशमा उसले पुरानो अवस्थामै लैजाने आधार तय हुने विश्वास छ । प्रचण्डले यसपटक मधेशको कमान्डसमेत मातृका यादवका हातमा दिएका छन् । यसले समेत कतै न कतै माओवादीले आफ्नो पुरानो साख फर्काएर मधेशमा विश्वास जित्ने आधारमा अभियान सञ्चालन गरेको छ ।

## दोस्रो वीरगंज गोल्डकपः वीरगंज युनाइटेडको विजयी शुरुवात



**मधेशदृष्टि**
**वीरगंज ।**
दोस्रो वीरगंज गोल्डकप २०८१ को उद्घाटन खेलमा आयोजक वीरगंज युनाइटेड क्लबले विजयी शुरुवात गरेको छ । आदर्शनगर रङ्गशालामा शनिबारको उद्घाटन खेलमा आयोजक युनाइटेड वीरगंजले पाहुना टोली गरवाल डाइमन्ड फुटबल क्लब दिल्लीलाई एक–शून्य गोल अन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो ।

खेलको दोस्रो हाफको शुरुवातमै डाइमन्ड फुटबल क्लबका खेलाडी सन्दीप रानाले बल 'क्लियर' गर्नेक्रममा आत्मघाती गोलमा परिणत हुँदा वीरगंज युनाइटेडको लागि मौका परेको हो । खेलको पहिलो हाफमा वीरगंज युनाइटेडले 'पेनाल्टी सुट आउट'को अवसर पाएको थियो तर कप्तान शिषस थापाले अवसर पाउँदा गोल गर्न सकेनन् ।

आइतबारको खेल सङ्कटा फुटबल क्लब र सहलेश फुटबल क्लब सिरहाबीच हुनेछ । यसअघि गोल्डकप उद्घाटन गर्दै वीरगंज महानगर प्रमुख राजेशमान सिंहले प्रतियोगिताले स्थानीय तथा राष्ट्रियस्तरका खेलाडीलाई क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुने बताए । 'प्रतियोगिताले फुटबलको सीप, कला सिक्ने र खेलमै आफ्नो करियर बनाउन ठूलो सहयोग पु¥याउने विश्वास लिएको छु,' उनले भने, 'प्रतियोगिताले खेलकुदको विकास मात्रै नभई समग्रमा अर्थतन्त्र, पर्यटन र सामाजिक जीवनमा पनि सकारात्मक प्रभाव पार्नसक्छ ।'

क्लबका महासचिव पङ्कज श्रेष्ठले वीरगंजमा फुटबल खेल संस्कृति प्रवद्र्धनका लागि प्रतियोगिता गरिएको बताए । प्रतियोगिता संयोजक सुबोधकुमार श्रीवास्तवले प्रतियोगिताले ओझेलमा परेका खेलाडीलाई नयाँ 'प्लेटफर्म' प्रदान गर्ने बताए । फागुन २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा सङ्कटा फुटबल क्लब, मच्छिन्द्र फुटबल क्लब, बागमती युथ क्लब सर्लाही, नेपाल पुलिस क्लब, गरवाल डाइमन्ड फुटबल क्लब दिल्ली, एपिआई चर्च ब्वाइज युनाइटेड, काठमाडौँ, सलहेश फुटबल क्लब सिरहा र आयोजक वीरगंज युनाइटेड क्लब सहभागी छन् ।

प्रतियोगिताको विजेता टोलीलाई नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता टोलीलाई पाँच लाख ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । यस्तै, प्रत्येक खेलको 'म्यान अफ दि म्याच' घोषित खेलाडीले नगद १० हजार रुपैयाँ पाउनेछन् ।

## रमजान शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
इस्लाम धर्मावलम्बीको महान् पर्व रमजान मुबारक महिना आजदेखि शुरु हुँदैछ । एक महिनासम्म चल्ने पर्वमा मुसलमानहरू दिनमा निराहार बस्छन् । रोजा बस्न मुसलमानको उर्दू क्यालेन्डर अनुसार सूर्योदयभन्दा पहिले अर्थात् बिहानको नमाज पढ्नुअगावै केही खानेकुरा खाई प्रारम्भ हुने रोजा बेलुकाको नमाज (मगरिब)को आजान सुनेर खोल्ने चलन छ ।निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् । उर्दू क्यालेन्डरअनुसार हिजरी संवत्को रमजान महिना नवौँ महिना हो । रमजान महिनामा नै मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ । दान दिनु, गरिब र दीनदुःखीको सेवा गर्नु, जकात निकाल्नु यो महिनाको विशेषता हो । व्रत बस्न साँझ मुसलमानले चन्द्रमा हेर्ने गर्छन् । शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्ने मान्यता छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमानहरु रोजा बस्नुलाई गर्व मान्दछन् । नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवतीलाई रोजा बस्न अनिवार्य छैन ।

## सरकार र उद्योगमन्त्रीको साँठगाँठमा सिमेन्टको मूल्यवृद्धि

**राकेश यादव**
**रौतहट ।**
नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले सरकारका उद्योग मन्त्रीको सेटिङमा सिमेन्टको कालाबाजारी भइरहेको बताएका छन् । सरकार र मन्त्रीकै साँठगाँठमा सिमेन्ट र छडको मूल्यवृद्धि गरिएको उनले ठोकुवा गरे ।

गौरमा निर्माण व्यवसायी संघ रौतहटको आठौँ साधारण सभा उद्घाटनमा अध्यक्ष सिंहले सिमेन्टको कृतिम अभाव सृजना गरी सरकारले कालाबजारी गर्न छुट दिइएको आरोप लगाए । उनले भने, 'निर्माण सामग्रीमा मनोपोली ढंगबाट उद्योगीले गरेको मूल्यवृद्धिले निर्माण व्यवसायी मात्र नभई आमनेपाली नागरिक मारमा परेका छन् ।' उनले नेपालमा उत्पादन हुने सिमेन्ट भारतमा सस्तो रेटमा आयात गर्ने र नेपालमा महंगो रेटमा बिक्री गर्ने कार्य नियन्त्रण गर्नुको साटो सरकारले छुट दिएको टिप्पणी गरे । सार्वजानिक खरीद नियमावलीको १४औँ संशोधन जरुरी रहेको जिकीर गर्दै निर्माण उद्योगमैत्री कानून आवश्यक भएको सिंहले बताए ।

नियमावली संशोधनका लागि पटकपटक आवाज उठाउँदै आएको बताउँदै अध्यक्ष सिंहले निर्माण व्यवसायीलाई सार्वजनिक खरीद ऐन र नियमावली अध्ययन गरेर कार्य गर्न सुझाव दिए । कार्यक्रममा महासंघका महासचिव रोशन दहालले स्थानीय तहबाट प्रक्रिया पूरा नगरी दिइने इजाजत पत्रका कारण निर्माण व्यवसायी समस्यामा पर्दै गएकाले यस्तो कार्य नियन्त्रण गर्नु पर्ने बताए ।

पुँजी मेसिनरी नभएका निर्माण व्यवसायीले लिने ठेक्काकै कारण बीचमै ठेक्का तोड्ने अवस्था सृजना भएको र निर्माण व्यवसायी आर्थिक मारमा पर्ने गरेको उनले बताए । निर्माण व्यवसायीलाई सक्षम र सबल बनाउन लो बिड गर्ने कार्य निरुत्साहित गर्नु पर्ने उनको सुझाव थियो ।

उपमहासचिव शिवहरि घिमिरेले सरकारले गर्नुपर्ने कार्य नगरेका कारण निर्माण व्यवसायी पीडित बनेको जिकीर गरे । सरकार ठेक्का लगाउने योजना कार्यान्वयनका लागि साइड क्लियरेन्स, जग्गाको क्षतिपूर्ति, निर्माण सामग्री सहज आपूर्तिको कार्य गर्नु पर्नेमा नहुँदा निर्माण व्यवसायीलाई कार्य गर्न कठिनाई हुने गरेको उनको भनाइ थियो । निर्माण व्यवसायी संघ मधेश प्रदेशका अध्यक्ष मुन्ना चौधरीले उपभोक्ता समिति खारेज गर्नुपर्ने माग गरे । उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्य गराउने प्रवृत्तिले साना तथा मझौला निर्माण व्यवसायी मारमा पर्ने उनले बताए । अध्यक्ष चौधरीले निर्माण कार्य सम्पन्न गरेपश्चात् भुक्तानी लिन जाँदा मागिने कमिसनले थप आर्थिक जटिलता निम्त्याउने गरेकाले यस्तो अवैध कार्य रोक्न सबै लाग्नु पर्ने उनको भनाइ थियो ।

जिल्ला अध्यक्ष कृष्णदेव यादवको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सभा सदस्य नागेन्द्र प्रसाद साह, नेपाल पत्रकार महासंघ रौतहटका सभापति संजय कार्कीलगायतका वक्ताले आआफ्नो शुभकामना मन्तव्य राखेका थिए ।

# राजमार्गका १३ निजी अस्पतालमा अनुगमन गर्दा १२ अस्पताल अवैध



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वास्थ्य सेवाको गुणस्तर र प्रभावकारिता वृद्धि गर्नुपर्ने चुनौतीसँग जुझिरहेको मधेश प्रदेशका अधिकांश निजी अस्पताल अवैध तथा अनधिकृत सञ्चालनमा छन् । प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले केही समय यता गरिरहेको अस्पताल अनुगमनमा प्रदेशका विभिन्न ठाउँका निजी अस्पतालमध्ये बहुसंख्यक सेवा सञ्चालन अनुमतिबिनै चलिरहेको पाइएको छ ।
मुख्यमन्त्री सिंहको नेतृत्वमा प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहसहितको टोलीले शनिबार साँझ रौतहटको चन्द्रपुर र सर्लाहीको हरिवनमा गरेको १३ वटा निजी अस्पताल अनुगमनमा १२ वटा अनधिकृत तवरले सञ्चालनमा रहेको पाइएको छ । मुख्यमन्त्री सिंहले कानूनसम्मत ढङ्गले सञ्चालनमा नरहेका १२ वटा अस्पताल तत्काल बन्द गर्न निर्देशन दिएका छन् ।
रौतहट र सर्लाहीस्थित पूर्वपश्चिम राजमार्गमा पर्ने चन्द्रपुर तथा हरिवनमा गरिएको १३ वटा निजी अस्पताल अनुगमनमा एकमात्र चन्द्रपुरस्थित अस्पताल चन्द्रपुर हस्पिटलले सेवा सञ्चालन अनुमति लिएको पाइएको प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त प्रदेश सचिव राजेश मिश्रले बताए । अस्पतालसँग चिकित्सक तथा कर्मचारीलाई दिइने करकट्टासहितको तलब विवरण माग गरिएको उनले बताए ।
सेवा सञ्चालन अनुमति नलिएका रौतहटको चन्द्रपुरस्थित हाइवे ट्रमा हस्पिटल एन्ड रिसर्च सेन्टर, सिभिल ह्युमन हस्पिटल एण्ड रिसर्च सेन्टर, पब्लिक लाइफ केयर पोलिक्लिनिक, चपुर सिटी हस्पिटल, हिमालयन पोलिक्लिनिक, सिम्स अस्पताल, चन्द्रपुर अर्थोपेडिक एन्ड जेनरल हस्पिटल, चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र, चन्द्रपुर सामुदायिक हस्पिटल र मोडेल अर्थोपेडिक एन्ड जेनरल हस्पिटल बन्द गर्ने निर्देशन दिइएको छ ।
यसैगरी, सर्लाहीको हरिवनस्थित दयन्ती हस्पिटल र सर्लाही जीवन हेल्थ केयरलाई समेत बन्द गर्न निर्देशन दिइएको छ । बन्द गर्न निर्देशन दिइएका अस्पताललाई निर्धारित प्रक्रियाअनुसार सेवा सञ्चालन अनुमति लिएर मात्र सुचारु गर्न मुख्यमन्त्रीले निर्देशन दिएको मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अनिलकुमार कर्णले बताए । मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार कर्णले शैय्या संख्याका आधारमा तोकिएका मापदण्डका आधारमा सङ्घ, प्रदेश र स्थानीय सरकारले अस्पताल सेवा सञ्चालन अनुमति दिने प्रावधान रहे पनि मुख्यमन्त्री सिंहले अस्पताल अनुगमनक्रममा अधिकांशले कम्पनी दर्ता गरी र केहीले सोझै अस्पताल सञ्चालन गरिरहेको पाइएको जानकारी दिए । उनले मापदण्डअनुसार भौतिक पूर्वाधार, औषधी, उपकरण, जनशक्ति व्यवस्थापन नगरी सञ्चालित अनधिकृत अस्पतालमा उपचार हुँदा सेवाको गुणस्तर कायम हुन नसकेको, धेरैजसो बिरामीको स्वास्थ्यस्थिति जटिल बनेको र ज्यानसमेत जोखिममा पर्नेगरेको र उपचारसमेत महँगो हुने गरेको जानकारी मुख्यमन्त्री सिंहलाई प्राप्त हुन थालेपछि उनले निजी अस्पताल अनुगमनलाई तीव्रता दिएका हुन् ।
यसअघि मुख्यमन्त्री सिंहले प्रादेशिक राजधानी जनकपुरधाम, वीरगंजलगायतका ठाउँमा निजी अस्पताल अनुगमन गरिसकेका छन् ।

# हावाहुरी र वर्षाले खेती नष्ट गरेपछि भारदहका किसान चिन्तित

**मधेशदृष्टि**
**सप्तरी ।**
बैमौसममा परेको वर्षासँगैको असिना र हावाहुरीले मकै, गहुँलगायत कृषिउपज नष्ट गरेपछि यहाँका किसान चिन्तित बनेका छन् । केही दिनअघि आएको हावाहुरी र असिनापानीका कारण बाली नष्ट गरेपछि किसान चिन्तित बनेका हुन् ।
जिल्लाको हनुमाननगर कङ्कालिनी नगरपालिकाका–१ भारदहका फुलेन्द्र राउतले व्यापार छोडेर नौ बिघामा मकै र गहुँखेती गरेका थिए । हावाहुरी, वर्षा र असिनाले खेतमा लगाइएको अधिकांश बाली नष्ट गरेपछि आम्दानीको स्रोत के हुने भन्ने चिन्ता बढेको उनले बताए ।
कृषि पेसाबाट आम्दानी गर्ने उद्देश्यले व्यापार छाडेर खेतीमा लागेको बताउँदै उहाँले गहुँखेतीमा एक लाख रुपैयाँ लगानी गरेको जानकारी दिए । भारदहका अर्को किसान अशोक माझीले पनि डेढ बिघामा गहुँ र १० कट्ठामा मकै लगाएका छन् । करिब ३६ प्रतिशत ब्याजदरमा गाउँमा एक लाख २० हजार रुपैयाँ ऋण लिएर खेती शुरु गरेको बताउँदै उनले बाली सबै नष्ट भएपछि ऋण कसरी तिर्ने भनेर चिन्ताले सताएको बताए । वडाको बजेटबाट कृषकका लागि केही खास गर्न सक्ने अवस्था नरहेको भन्दै उनीहरुले किसानको राहतका लागि प्रदेश र सङ्घ सरकारसँग आग्रह गरे । उनीहरुले प्रदेश र सङ्घ सरकारले स्थानीय तहसँग समन्वय गरी पीडित किसानलाई राहत उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

# कन्ट्रक्सन मैनेजमेन्ट सम्बन्धि तालिम सम्पन्न



**मधेशदृष्टि**
**रौतहट ।**
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय काठमाडौंको आर्थिक सहयोग तथा नेपाल निर्माण व्यवसायी महासंघद्वारा आयोजित कन्ट्रक्सन मैनेजमेन्ट सम्बन्धि दुई दिने तालिम सम्पन्न भएको छ ।
तालिम समापनको अवसरमा सहभागीलाई प्रमाणपत्र हस्तान्तरण गर्न आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै महासंघका केन्द्रीय सहकोषाध्यक्ष सन्तोष साहले सिकेका कुरा व्यहारमा उतार्न अनुरोध गरे ।
नेपाल निर्माण व्यवसायी संघ रौतहटका अध्यक्ष कृष्णदेव यादवको अध्यक्षतामा भएको कार्यक्रममा बारा जिल्ला अध्यक्ष सुरेन्द्र जयसवाल, प्रदेश सदस्य विकास विक्रम नेपाल, उपाध्यक्ष उपेन्द्र यादव, प्रमोद कुसवाहा, विक्रान्त नेपाल, अरविन्द जयसवाल, प्रमोद यादव, सरोज यादव, राजेश झा, ईन्जिनियर आशुतोष कुमार सिंह, निर्मल अर्याल सहितका वक्ताले निर्माण व्यवसायिका हितमा यस्ता कार्यक्रमको निरन्तरता दिन आग्रह गरेका थिए । तालिममा रौतहटका सतरी जना निर्माण व्यवसायीको सहभागीता रहेको थियो ।

# सडक नबनेको भन्दै चक्काजाम



**मधेशदृष्टि**
**राजविराज ।**
जीर्ण अवस्थमा रहेको सडक स्तरोन्नतिको जिम्मा लिएका ठेकेदारको लापरबाही र ढिलाइका कारण सास्ती भोग्न बाध्य भएको भन्दै शनिबार राजविराज–हनुमाननगर सडक खण्डको झलहीमा स्थानीयले सडक जाम गरेका छन् ।
पटकपटक म्याद थपिए पनि निर्माण कार्यलाई गति नदिइएको तथा सडकको दर्जनौँ स्थानमा रहेको खाल्डाखुल्डी र हावाले उडाउने धूलोका कारण सास्ती भोग्नु परिरहेको भन्दै आक्रोशित स्थानीयले सडक अवरुद्ध पारेका हुन् ।
सडक अवरुद्ध गरिएपछि त्यस मार्गबाट सञ्चालन हुने दर्जनौँ सवारी साधन रोकिएको खबर पाएपछि पुगेको सुरक्षा निकायका उच्च अधिकारीको टोलीले स्थानीयलाई सम्झाइबुझाई तथा निर्माण कम्पनीलाई काममा गति दिन कडाईका साथ निर्देशन दिने आश्वासन दिएपछि २ घण्टापश्चात आवागमन शुरु भएको थियो ।
यस घि जीर्ण सडक मर्मत सम्भार र स्तरोन्नतिलाई गति प्रदान गर्न माग गर्दै तोपा, मन्सापुर र इनर्वामा दर्जनौँपटक सडक जाम गरिसकेका छन् । २५ करोड ७१ लाख ४६ हजार रुपैयाँमा सप्तरीको शम्भुनाथस्थित साह इन्जिनियरिङ कन्स्ट्रक्सनले सडकको ठेक्का पाएको छ । तर, सम्झौताअनुसार काम नभएको र पटकपटक म्याद थप्दासमेत काममा ढिलाई गर्ने प्रवृत्ति दोहोरिएको भन्दै स्थानीयले चक्का जाम गरेका हुन् ।

# लागूऔषधसहित दुई पक्राउ



मधेशदृष्टि
सप्तरी ।
प्रहरीले उदयपुर, त्रियुगा नगरपालिका–९, सयपत्री टोलका २१ वर्षीय चुडामणि राय माझी र सोही ठाउँका २० वर्षीय सुमन परियारलाई लागूऔषधसहित पक्राउ गरेको छ ।
प्रहरी चौकी मौवाहा मल्हनियाका प्रहरी सहायक निरीक्षक हेमन्त तामाङको कमान्डमा खटिएको टोलीले बलानबिहुल गाउँपालिका–१, बलानखोलाबाट भारत, लौकहा ठाडीबाट पैदल आउदै गरेका राय र परियारलाई चेकजाँच गर्दा फेनारगन ९७ पिस, डाइजेपान ९७ पिस, आइपिपिएल ९७ पिस र नाइट्रोभेट १५ पिससहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# सेनाको भैरवी दल र महोत्तरी फाइनलमा

**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली सेनाको भैरवी दल र महोत्तरीको करुणा क्लब सर्लाहीको हरिपुरमा जारी भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् ।
हरिपुर नगरपालिका–७ चिताइनमा शनिबार सम्पन्न सेमिफाइनल खेलमा विजयी हुँदै सेनाको भैरवी दल गण पाँच कुमारी र करुणा क्लबले कम्तीमा उपविजेताको उपाधि रक्षा गरेका हुन् । भैरवी दलले धनुषाको मिथिला विहारी नगरपालिकालाई ३–० को सोझो सेटमा पराजित गरेको हो ।
प्रतिस्पर्धामा भैरवीले २५–१७, २५–२१ र २५–२० को नतिजा निकाल्यो । यस्तै दोस्रो सेमिफाइनलमा महोत्तरीको करुणा क्लबले सर्लाहीको बड्कुर्वालाई ३–० को सोझो सेटमा पराजित गरेको हो ।
करुणाले बड्कुर्वालाई २५–२१, २५–२३ र २५–१८ ले पराजित गरेको थियो । प्रतियोगिताको फाइनल खेलमा आइतबार हुनेछ ।

# संघर्ष समितिद्वारा घरदैलो

मधेशदृष्टि
राजविराज ।
पुस्तौदेखि बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका राजविराज नगरबासीका तर्फबाट लालपूर्जालगायतका विभिन्न ७ बुँदे माग राखेर गठित संघर्ष समितिले राजविराज बन्द कार्यक्रमको पूर्वसन्ध्यामा घरघर र पसल पुगेर कार्यक्रम सफल बनाउन अपिल गरेको छ । संघर्ष समतिले नगरका बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका नागरिकलाई लालपूर्जा, राजविराज बर्सपार्कको अधुरो निर्माण कार्य अविलम्ब पूरा गरी सञ्चालन, हटिया कम्पलेक्स निर्माण कार्य छिटो सम्पन्न गरी व्यापारीलाई हस्तान्तरण र राज रंगशाला स्तरोन्नतिलगायतका ७ बुँदे माग अघि सार्दै फागुन १८ गते आइतबार राजविराज बजार बन्द आह्वान गरेको हो ।
संघर्ष समिति संयोजक इरसाद अन्सारी, जिल्ला समन्वय समिति प्रमुख शिवनारायण साह, सप्तरी उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष मनोज मुन्धडा, नेपाली कांग्रेसका नेता शम्भुलाल देवसहितको टोली नगरको घर र पसल पुगेर नगरबासीको जायज माग सम्बोधनका लागि थालिएको आन्दोलनमा साथ दिन अपिल गरेका थिए ।
संघर्ष समितिले फागुन १८ गते राजविराज बन्द, फागुन २१ गते नगरमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते राजविराजस्थित नापी तथा मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ गतेदेखि स्थानीय गजेन्द्र चोकमा अनिश्चितकालीन रिले अनशनलगायतका आन्दोलन घोषणा गरेको छ ।


## Tourism Development Office

**Lahan, Siraha, Madhesh Province**

## Invitation for Electronic Bids

**First Date of Publication: B.S. 2081/11/18 (2nd Mar, 2025)**

1. Tourism Development Office, Lahan, Siraha invites electronic bid from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Tourism Development Office, Lahan, Siraha. For detail contact : 9815357417 9851360568

| S N | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 13/NCB/WORKS/TDOSIRAHA /2081/082 | Ha.ka.Na.Pa 1 ma Kankalini Mandir Saundryakaran karya, Ha.ka.Na.Pa 1 ma Dinabhadri Mandirko Bhawan Nirman ra Tirhut gaa.paa 5 ma Lohjara Dahko Paryatakyasthal Ko Saundryakaran<br>Ha.ka.Na.Pa -1, Ha.ka.Na.Pa -1, Tirhut ga.pa-5,Saptari | Nrs. 3,000/- | 1,28,200/- 120 Days | 90 Days |

**Office Chief**

# एकीकृत समाजवादी चन्द्रपुरको अध्यक्षमा रखाल




**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) चन्द्रपुर नगर कमिटीको दोस्रो नगर अधिवेशन शनिबार सम्पन्न भएको छ । नेकपा एसका नगर संयोजक वीरु रखालको अध्यक्षता तथा नेकपा एसका केन्द्रिय उप–महासचिव रामकुमार भट्टराई पार्टीको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो । अधिवेशनले वीरु रखाललाई नगर अध्यक्षमा चयन गरेको छ ।

उपाध्यक्षमा रन्जु थापा,सचिवमा सञ्जीव यादव, उपसचिवमा खेमनाथ तिमल्सिना, तुलसा पुलामी चयन भएका छन् भने सदस्यमा नानीमाया खनाल, शंकर खनाल मञ्जु पासवान लगायत ४५ सदस्यीय चयन गरिएको छ । प्रमुख अतिथि भट्टराईले नेकपा (एमाले) र नेपाली कांग्रेसप्रति कडा आलोचना गर्दै यी दलहरूले मुलुकलाई अस्थिरता, भ्रष्टाचार र सत्ताको खेलमा मात्रै अल्झाएको आरोप लगाए । उनले संगठन सुदृढीकरणमा सबै नेता तथा कार्यकर्ताहरूले जुट्नुपर्ने बताए । कार्यक्रमका विशिष्ट अतिथि कल्याणी खड्काले पार्टीलाई अझ बलियो बनाउन निरन्तर मेहनत गर्न आग्रह गरिन् । कार्यक्रममा मधेश प्रदेशका प्रदेश सभा सांसद कनिष पटेल मधेशमा समाजवादी आन्दोलन अझ सशक्त बनाउनुपर्नेमा जोड दिए ।

# फोनिज मधेशद्वारा चार पत्रकार पुरस्कृत




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मधेश प्रदेशले चारजना पत्रकार सम्मानित गरेको छ । शनिबार कार्यक्रमको आयोजना गरी फोनिज मधेश प्रदेशले स्थापना गरेको पत्रकारिता पुरस्कार प्रदान गरेको हो ।

सञ्चार क्षेत्रमा लामो समयदेखि कार्यरत पत्रकार सत्य प्रसाद श्रेष्ठ र रिना आलेलाई देवनारायण गनिया स्मृति पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । भने अर्को क्रिएटिभ कृयाशील पत्रकारिता पुरस्कार लक्ष्मी चौधरी र डम्बर राईलाई प्रदान गरिएको छ । चारैजनालाई फोनिजको मधेश प्रदेशको पाचौं साधारणसभामा प्रमुख अतिथि सभामुख रामचन्द्र मण्डलले पुरस्कार प्रदान गरेका थिए । जनही १०–१० हजार नगद, दोसल्ला र अविर माला सहित सम्मान गरिएको थियो । फोनिज मधेश प्रदेशका अध्यक्ष दुष्यन्त चौधरीको अध्यक्षतामा बाराको कोल्हवी नगरपालिकामा भएको साधारणसभा बन्दसत्रबाट सांगठनिक प्रतिवेदन र आर्थिक प्रतिवेदन सहित महात्वपूर्ण निर्णय गरेर समापन हुने फोनिज प्रदेश इञ्चार्ज निरज पिठाकोटे मगरले बताए । यसैबीच सम्मानित बाराका अग्रज पत्रकार सत्यप्रकाश श्रेष्ठले आफूले पाएको नगद पुरस्कार फोनिज बारालाई हस्तान्तरण गरेका छन् ।

संगठनले प्रदान गर्ने पुरस्कार कसैको सहयोगबाट नै गर्नुपर्ने भएकोले फोनिज बारालाई पनि संगठन मजबुद र बलियो बनाउन सहयोग पुगोस भन्ने मनसायले बारा शाखा अध्यक्ष धिरेन्द्र पनुहरलाई पुरस्कार बापतको रकम हस्तान्तरण गरेका थिए ।

# देश निर्माणका लागि युवा र महिला एमालेसँग जोडिनुपर्छः गुप्ता



**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमालेका केन्द्रीय सदस्य तथा रौतहट जिल्ला ईन्चार्य अजय कुमार गुप्ताले वडा केन्द्रीत भेलालाई जनताको बिचमा लगि युवा–महिलालाई पार्टी प्रति आकर्शित गराउनु पर्नेमा जोड दिएका छन् । ३ महिने वडा केन्द्रीत भेला अन्तरगत शनिबार रौतहट क्षेत्र नम्बर १ को गौरमा भएको अगुवा कार्यकर्ता भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उनले पार्टीका अगुवा कार्यकर्तालाई सही राजनीति गर्न सुझाव दिए । उनले टाईम पासका लागि राजनीतिमा नलाग्न युवाहरुसँग आग्रह गरे । रौतहटमा एमाले जतिको संगठिन पार्टी अरु कुनै नभएको दाबी गर्दै जिल्ला ईन्चार्ज समेत रहेका गुप्ताले संगठनको शक्तिलाई सम्झेर अझै सशक्त संगठन निर्माण अभियानमा जुटन आग्रह गरे ।

कार्यक्रममा केन्द्रीय सदस्य तथा क्षेत्र नम्बर १ का ईन्चार्य रेखा कुमारी झाले राष्ट्रिय अधिवेशनमा तयार रहन र वडा केन्द्रीत अभियानअन्तर्गत नयाँ सदस्यता विस्तारमा केन्द्रीत हुन आग्रह गरिन् । क्षेत्रिय अध्यक्ष जमिल अख्तर मन्सुरीको अध्यक्षतामा सम्पन्न अगुवा कार्यकर्ता भेलामा केन्द्रीय लेखा समिति सदस्य राजकिशोर यादव, मधेस प्रदेस कमिटी सदस्य राम किशोर महतोलगायतको उपस्थिति रहेको थियो ।

# विद्यालय तहबाटै खेलकुद गतिविधि हुनु सुखद् छः मन्त्री




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले विद्यालय तहबाट नै खेलकुदका गतिविधि प्रारम्भ हुनु सुखद रहेको बताएका छन् । वीरगंज स्थित चिल्ड्रेन्स वल्र्ड स्कूलको चौथो बार्षिक खेलकुद कार्यक्रमको उद्घाटन गर्दै उनले नारायणी रंगशाला संघीय सरकार मातहत रहेतापनि कानुनी जटिलतालाई सहजिकरण गरी स्तरउन्नत्ति गर्न आफूहरु तयार रहेको बताए । प्रदेश सरकारले खेलकुद ऐन जारी गरि सकेको सन्दर्भमा मधेश प्रदेशमा खेलकुद गतिविधि गतिशिल तरिकाले अघि बढने विश्वास उनले व्यक्त गरे । विद्यालयका प्रधानाध्यापक सुमन दासको सभापतित्वमा भएको कार्यक्रममा निजी विद्यालयका राहुल श्रीवास्तव, आलोक चौरसिया, शिव गुप्ता, शर्मानन्द कुशवाहा, सरोज पटेल, अभिभावकहरु लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कक्षा नर्सरी देखि १० सम्मका विद्यार्थीहरुले विभिन्न खेलकुद विधामा प्रतिस्पर्धा गरेको विद्यालयकी संचालिका सिम्रन दासले बताइन् ।

यसैबीच वीरगंजको आदर्शनगरस्थित लिटिल स्टेप मन्टेश्वरी स्कुलले पनि विविध कार्यक्रम गरी सातौ वार्षिकोत्सव मनाएको छ । स्कुलका सञ्चालन प्रमुख अमित सर्राफको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै पर्साका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले विद्यार्थीको जगलाई बलियो बनाउनुपर्नेमा जोड दिए । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधब राजपाल, दिल्ली पब्लिक स्कुलका प्रिन्सीपल रन्जित आनन्द, डिएभी आरबी केडिया स्कुलका प्रिन्सीपल राकेश मिश्र लगायतले शैक्षिक स्तरोन्नतीका लागि आधारभूत तहको शिक्षालाई सशक्त बनाउनुपर्ने धारणा राखेका थिए । कार्यक्रममा पिजीदेखि कक्षा एक सम्मका विद्यार्थीहरुले विभिन्न सांस्कृतिक प्रस्तुती समेत प्रस्तुत गरेका थिए ।

# गौतम स्कूलको ४८ औं वार्षिकोत्सवः दोस्रो दिन जुनियर बिङ्स सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित गौतम स्कूलको ४८ औं वार्षिकोत्सवको अवसरमा तीन दिने उत्सव मनाइरहेको छ । शुक्रबार उद्घाटन भएको उत्सवको शनिबार दोस्रो दिन स्कूलका साना साना विद्यार्थीहरुले नृत्य प्रस्तुत गरेका छन् । शनिबार स्कूल प्रांगणमा भव्य रूपमा सम्पन्न भएको दोस्रो दिनको कार्यक्रममा कक्षा एल.केजि देखि कक्षा एक सम्मका विद्यार्थीहरुले विभिन्न सांस्कृतिक तथा सृजनात्मक प्रस्तुतिहरू मार्फत आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । त्यस्तै, वर्षभरि सञ्चालन भएका विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरूको बारेमा पनि जानकारी गराइएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सशस्त्र प्रहरी बल १३ नम्बर गण हेडक्वाटरका प्रहरी उपरीक्षक राधेश्याम धिमालले विद्यालयसँग मिलेर छात्राहरुका लागि विशेष आत्मरक्षा तालिम दिने योजना रहेको सुनाए । कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति प्रा डा. दीपक शाक्य, उधोग बाणिज्य संघका पूर्व अध्यक्ष गणेश लाठ, समाजसेवी प्रकाश थारु, ओम कुमार झा, कन्या स्कूलका प्रधानाध्यापक सुनिता साह, मानवसेवा आश्रमका दिवेश मानवसेवा, स्कोनबाट आयुश गिरि, डा.अशोक दास, डा.उदयनारायण सिंह, नेपाल पत्रकार महासङ पर्साका सहसचिव एस.के. चौरसिया, युवराज खडका, अभिलाष गुप्ता, जगत राई, आन्नद पटेललगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व र अभिभावकहरुको उपस्थिति रहेको थियो ।

त्यस्तै, स्कूलकी सहायक प्रधानाध्यापक परिक्षा पिया लामाले आफ्नो मन्तव्यमा विद्यालयको लामो यात्रा र उपलब्धिहरूबारे प्रकाश पारिन् । उनले ४८ वर्षको अवधिमा विद्यार्थी, शिक्षक र अभिभावकहरूको सहयोगले गौतम स्कूलले यो उचाइ हासिल गरेको बताइन् । कार्यकारी निर्देशक सोनम लामाले आगामी दिनमा अझ प्रभावकारी शैक्षिक योजना र कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तीन दिने उत्सवमा स्कूलका करिब १२ सय विद्यार्थीले प्रस्तुति दिने शिक्षक स्वरोज प्रधानले जानकारी दिए ।

# लोसपाको हँसपुर २ को वडा समिति चयन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपालको हँसपुर नगरपालिका वडा नम्बर २को २१ सदस्यीय समिति चयन गरिएको छ । शनिबार भएको वडा अधिवेशनबाट रामप्रताप मण्डलको अध्यक्षतामा २१ सदस्यीय वडा समिति सर्वसहमतिबाट चयन गरिएको छ । समितिको उपाध्यक्षमा रामचन्द्र भण्डारी, सियाशरण सहनी, सचिवमा नगिना मण्डल, सहसचिव रामकुमार साह, कोषाध्यक्षमा विमला मण्डल खत्वेलाई चयन गरिएको हो । लोसपाको वैशाख २६ गते हुने राष्ट्रिय अधिवेशनको तयारी स्वरुप लोसपाको हँसपुर नगरपालिका वडा नम्बर २ बघचौडामा वडा अधिवेशन सम्पन्न भएको हो । अधिवेशनमा लोसपाका केन्द्रीय सदस्य रामज्ञान मण्डल, भोलानाथ झा, जिल्ला उपाध्यक्ष झपसी मण्डल, उदय कुमार सिंह, नगर संयोजक लालबाबु यादव लगायतको उपस्थिति रहेको थियो ।

# पूजाकोठामा गाडेको अवस्थामा शव फेला

मधेशदृष्टि
जनकपुरधाम ।
धनुषामा एक महिलाको शव घरकै पूजाकोठामा गाडेको अवस्थामा फेला परेको छ । धनुषाको लक्ष्मीनिया गाउँपालिका – बनिनियाकी २० वर्षीया अञ्जली यादवको शव सडेगलेको अवस्थामा फेला परेको हो । स्थानीयले एकाएक अञ्जली हराएको तथा उनका श्रीमान् बेपत्ता भएको खबर गरेपछि प्रहरीले अनुसन्धान अगाडि बढाएको थियो । त्यसक्रममा शनिबार दिउँसो १ बजे कोठाभित्रै गाडेको अवस्थामा अञ्जलीको शव फेला परेको धनुषाका प्रहरी प्रवक्ता वरुणबहादुर सिंहले जानकारी दिए । श्रीमान् हरिराम यादव फरार रहेकाले अञ्जलीको हत्या गरेर उनैले शव गाडेको हुन सक्ने प्रहरीको आशंका छ । रामहरिसँगै उनीहरूका १० महिनाकी छोरीको पनि पत्तो लागेको छैन । स्थानीयका अनुसार गत शनिबार रामहरि र अञ्जलीबीच विवाद भएको थियो । भोलिपल्टै रामहरिले श्रीमती बेपत्ता भएको भनेर छरछिमेकमा सुनाएका थिए । मंगलबारदेखि रामहरि पनि बेपत्ता भए । एकाएक घरका सबै हराएपछि शंका लागेर स्थानीयले प्रहरीलाई खबर गरेका थिए । डीएसपी सिंहले शव उत्खनन गरेर प्रादेशिक अस्पतालमा पोस्टमार्टमको लागि पठाइएको जानकारी दिए ।

**वडाध्यक्ष मुखियाको निधन**
रौतहटको माधवनारायण नगरपालिका–४ का वडाध्यक्ष रामदेनी मुखियाको निधन भएको छ । फोक्सोको क्यान्सरबाट पीडित ६० वर्षीय उनको शनिबार बिहान आफ्नै निवासमा निधन भएको माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथ यादवले जानकारी दिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट उनी निर्वाचित भएका थिए ।

# भन्सार छलिका २८ वटा मोटरसाइकल जफत

मधेशदृष्टि
वीरगंज ।
जिल्ला प्रहरी कार्यालय बाराले भन्सार छलिका मोटरसाइकलमाथि ठूलो कारबाही गरेको छ । बारा प्रहरीले जिल्लाको विभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा भन्सार नतिरेका २८ वटा भारतीय नम्बर प्लेटका मोटरसाइकल बरामद गरेको हो । बरामद मोटरसाइकलको अनुमानित बजार मूल्य करिब २५ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय बाराअन्तर्गत खटिएका गस्ती टोलीले नियमित गस्तीका क्रममा शङ्कास्पद गतिविधिमाथि नजर राख्दै चेकजाँचलाई तीव्रता दिएको थियो । सोही क्रममा विभिन्न ठाउँबाट आवश्यक कागजात नभएका र कानुन विपरीत सञ्चालनमा रहेका भारतीय नम्बर प्लेटका मोटरसाइकल फेला परेको बारा प्रहरीले एउटा प्रेस नोट जारी गर्दै जनाएको छ । बारा प्रहरीका अनुसार, मोटरसाइकलहरू नेपाल भित्र्याउँदा भन्सार प्रक्रिया पूरा गरिएको थिएन ।

सम्पादकीय

# अस्पताल अनुगमन र मधेशका अस्पताल

*मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शुक्रबार महोत्तरीको बर्दिबास पुगेर केही अस्पताल अनुगमन गरे । अस्पताल अनुगमनक्रममा थोरै अस्पताल मात्र कागजात भएको पाइयो । अनुगमन गरिएका अधिकांश अस्पताल बेरितले चलेको पाइएको छ । अस्पताल जनताको जीवन संरक्षक हो । डाक्टरहरुलाई जनता जीवित भगवान मान्छन् । अस्पताल मन्दिरजस्तै हो । फरक यति हो, मन्दिर र भगवानलाई भेटीको रेट हुन्न । अस्पताल र डाक्टरको अस्पताल र डाक्टरपिच्छे दररेट फरक हुन्छ । जनता मागेजति दिन तयार हुन्छन्, वश जीवन बच्नुपर्याे, सर्वसाधारण यो भन्दा बढी अपेक्षा केही हुन्न । यसैले डाक्टरसँग भरोसा छ । तर पछिल्लो समय ठूला साइनबोर्ड राखेर रंगीचंगी बत्तीभित्र यस्ता निजी अस्पताल ज्यानमारा बनिरहेको पाइएको छ । अनुगमनमा अधिकांश अस्पताल गैरकानूनी पाइएको घटनाले मधेशका अस्पतालका अवस्था चित्रण गर्दछ । जनकपुरधामबाट शुरु भएको अस्पताल अनुगमन आर्थिक नगरी वीरगंज र नेपालकै कान्छो शहर महोत्तरीको बर्दिबाससम्म पुग्दा अस्पतालहरु अपराधथलोका रुपमा स्थापित हुँदै गएको देखिन्छ । सामान्य मापदण्डसमेत पालना गरेको पाइएको छैन । पहुँच बनाएर कारबाहीबाट बच्ने र जनता उपचारमा आउदा ज्यान जाने गरेको देखिएको छ । देशकै उत्कृष्ट १० भित्र परेको रौतहटको गौर अस्पतालमा पुगेका बिरामीलाई त्यहीँका चिकित्सकको बदमासीले नजिकको निजी अस्पताल लगेर मार्ने काम भएको छ । सामान्य पेट दुखेको भनेर अस्पताल गएका व्यक्तिलाई तत्काल शल्यक्रिया कक्षमा लगेर उपचार गराउने नाममा मृत्युको मुखमा पुर्याउने काम भएको छ । यो घटना ढाकछोप गर्न अस्पतालले मध्यराति बिरामीको अवस्था गम्भीर भएको बहानामा वीरगंज पठाउँदा त्यहाँ तीन घण्टाअघि नै मृत्यु भएको घोषणाले भन्छ कि अस्पतालका बदमासी बग्रेल्ती छन् ।*

*राजमार्ग, मधेश प्रदेशको राजधानी र आर्थिक नगरीका अस्पतालहरुको यो दुर्दशा बाहिर आएको हो ।केहीदिनअघि मुख्यमन्त्री सिंहले जनकपुरमा पत्रकारहरुसँग भनेका थिए कि जनकपुरका अस्पतालमा त बेहोस बनाउने उपकरण पनि छैनन् । जनकपुरमा भन्दा बढी व्यवस्थित अस्पताल वीरगंजमा देखिएको छ । राजमार्ग भित्रका अस्पतालहरु कस्ता होलान् ? तिनले कति अपराध गरिरहेका होलान् ? स्वास्थ्यसेवामा बर्षौंदेखि देखिएको बेथिति निर्मूल पार्न यो अभियान अरु कठोर बनाउन जरुरी देखिएको छ । कुनै राजनीतिक दबाबविना यो अभियान सफल हुँदा स्वास्थ्यक्षेत्रको बदमासी निराकरण जरुरी छ । यो अभियानलाई स्थानीय सरकारहरुले पनि शुरुवात गर्ने हो भने पक्कै अरु प्रभावकारी बन्ने देखिन्छ ।*

# आलु खेतीमा आधुनिक यन्त्र



**राासस**

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका–२ का मायाराम महतोलाई गत वर्षसम्म एक बिघा जमिनको आलु खन्न २० जना खेताला जम्मा गर्नु पर्दथ्यो । तर अहिले एक बिघा क्षेत्रफलको आलु उनी एक्लैले एकै दिनमा खनिसक्छन् ।

लामो समय अर्म–पर्म गरेर आलु खेती गरेका मायारामले गत वर्षदेखि घरमै पावर टिलर (हाते ट्र्याक्टर) किनेर खेती गर्दै आएका छन् । सामूहिक रूपमा आलु खेती गर्ने भएको हुँदा गत वर्ष कृषि ज्ञान केन्द्रको ७५ प्रतिशत अनुदानमा उनले पावर टिलर किनेको बताए ।  ‘स्वदेशमा नै कृषि गर्ने भनेर विदेशबाट फर्किएको थिएँ तर धेरै मानिस खोजेर काम गर्नु पर्दा निकै समस्या भएको थियो । तर अहिले पावर टिलरको सहायताले आलु रोप्नेदेखि निकाल्दासम्म सजिलो भएको छ । हप्ता दिनसम्म लाग्ने गरेको काम एकदुई दिनमै सकिन्छ,’ उनले भने ।

नन्दपुर बहुउद्देश्यीय कृषक समूह मध्यविन्दु–२ को अध्यक्षसमेत रहेका मायारामले प्रविधिको सहायताले नै १५ बिघा जमिनमा सामूहिक आलु खेती गरिएको बताए । प्रविधिको सहयोगले गर्दा थोरै जनशक्तिबाट धेरै काम गर्न सकिने भएकाले आर्थिक बचतसमेत भएको किसान मायारामले बताए ।

कृषि प्रविधिले खेती गर्न सहज भएपछि नन्दपुर बहुउद्देश्यीय कृषक समूहले आलु खेतीको क्षेत्रफल पनि विस्तार गरेको छ । सुरुमा दुई बिघा जमिनमा गरिएको आलु खेती अहिले १५ बिघा पु¥याइएको छ भने आगामी वर्ष २० बिघामा गर्ने योजना रहेको मायारामले जानकारी दिए ।

मध्यविन्दु–२ कै रमेश थनेत थारु पनि पछिल्लो समय प्रविधिका माध्यमबाट खेती गर्दै आएका छन् । लामो समयसम्म कुटो कोदालोको प्रयोग गर्दै आएका रमेश प्रविधिको माध्यमबाट खेती गर्न सहज भएको बताउँछन् । सबै काम श्रमबाट मात्र गर्दा समय बढी लाग्ने र मिहिनेत धेरै लाग्ने गरे पनि प्रविधिको सहयोगमा कम समयमै धेरै खेती गर्न सकिने उनको भनाइ छ । ‘धान, तोरी, गहुँ खेतीमा कृषि यन्त्रको प्रयोग गर्ने गरिएको भए पनि आलु खेतीमा सबै काम मान्छेले नै गर्ने गरेका थियौँ”, उनले भने, ‘अहिले आलु उत्पादन गर्न धेरै सहज भएको छ, थोरै मान्छेले धेरै खेती गर्न सकेका छौँ ।’

मायाराम र रमेशजस्तै पछिल्लो समय जिल्लामा धेरै किसानले कृषि यन्त्र प्रयोग गरेर आलु खेती गर्दै आएका छन् । अन्न बालिमा मात्रै कृषि यन्त्रको प्रयोग हुँदै आएकोमा केही वर्षदेखि तरकारी खेतीमा पनि कृषि यन्त्रको प्रयोग बढेको हो ।

पछिल्लो समय पावर ट्रेलर, ट्र्याक्टर, मिनी ट्रेलर को सहायताले तरकारी खेती गर्ने गरिएको कृषि ज्ञान केन्द्र नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख कुलप्रसाद तिवारीले बताए । कृषिमा आधुनिक प्रविधिका औजार भित्रिएसँगै धेरै किसानले सहजरूपमा कृषि उत्पादन गर्ने गरेको तिवारीको भनाइ छ । परम्परागत शैलीमा खेतीपाती गर्ने किसान पछिल्लो समय प्रविधितर्फ आकर्षित भएको उनले बताए ।

कृषि ज्ञान केन्द्रमार्फत कृषकलाई कृषि यन्त्रमा विभिन्न खाले अनुदान दिँदै आएको प्रमुख तिवारीले जानकारी दिए । परम्परागतरूपमा खेती गर्दै आएका किसानलाई पछिल्लो समय प्रविधिमैत्री बनाउँदै लगेपछि काममा सहजतासँगै उत्पादनसमेतमा राम्रो हुँदै गएको उनको भनाइ छ । रासस

# विद्यालय विकास कार्यक्रम प्रभावकारी

**सन्तोष गौतम**

म्याग्दीको बेनी नगरपालिका–६ मा रहेको जामुनाखर्क माविमा कार्यान्वयन भएको नमुना विद्यालय विकास कार्यक्रम प्रभावकारी बनेको छ ।

शिक्षा मन्त्रालयको सहयोगमा आर्थिक वर्ष २०७८÷०७९ देखि सुरु भएको कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, व्यवस्थापनमा सुधार र भौतिक पूर्वाधार विस्तार भएको हो ।

कक्षा १२ सम्मको पठनपाठन हुने विद्यालयमा शैक्षिकसत्र २०७८ को औसत सिकाइ उपलब्धि दुई दशमलव ८४ जिपिए रहेकोमा २०८० मा तीन दशमलव शून्य एक जीपीए पुगेको प्रधानाध्यापक ढुङ्गानाले बताए ।

कक्षा १ देखि ३ सम्म एउटा कक्षामा एक जना शिक्षकले सबै विषय पठनपाठन गराउने अभ्यास थालिएको छ । यसबाट विद्यार्थीको आनीबानी र क्षमता पहिचान गरेर सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज भएको शिक्षक नवराज शर्माले बताए ।

कक्षा ८ सम्मका सबै विद्यार्थीलाई अनिवार्य, नौ र १० मा कम्प्युटर विषयको ऐच्छिक कक्षा सञ्चालन गरेको जामुनाखर्कले विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गरेको छ । गणित, सामाजिक प्रयोगशाला (स्टिम ब्याग) पनि छ । कक्षा ११ र १२ मा पूर्ण रुपमा निःशुल्क पठनपाठनको व्यवस्था मिलाएको छ ।

सबै कक्षाकोठामा ‘स्मार्टबोर्ड’ राखिएको छ । सबै शिक्षकहरूको साथमा ल्यापटप छ । शिक्षकले ल्यापटपमा इन्टरनेटको सहयोगमा सिकाइ सामग्री खोज्ने र पढाउने गर्छन् । प्रार्थनाको समयमा शिक्षक र विद्यार्थीहरूले विविध विषयमा प्रश्न–उत्तर गर्छन् ।

गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले कक्षा ९ र १० का विद्यार्थी टिकाउन र २०८० को एसईई परीक्षाको उत्तीर्णदरका आधारमा गरेको मूल्याङ्कनमा जामुनाखर्क म्याग्दी जिल्लामा पहिलो भएको थियो ।

विषयगत विभाग गठन गरेर शिक्षकहरूको कार्यविभाजन, शैक्षिक प्रर्दशनी र महोत्सव आयोजना गरेको छ । विद्यार्थीहरूलाई सिर्जनशील र अध्ययनशील बनाउन अतिरिक्त क्रियाकलाप, व्यवसायिक, व्यवहारिक सीप सिकाउन गुन्द्री बुन्ने, पाक शिक्षा, वायरिङ र प्लम्बीङ तालिम सञ्चालन गरेको छ । कक्षा १० का विद्यार्थीका लागि छात्रावास सञ्चालन गरेको विद्यालयले अभिभावकसँग नियमित अन्तरक्रिया र योग प्रशिक्षण चलाएको छ । शिक्षकहरूलाई सूचना प्रविधि, मूल्याङ्कन र कक्षा व्यवस्थापन तालिम दिएको छ ।

शिक्षा मन्त्रालयले बेनी नगरपालिका मार्फत उपलब्ध गराउने बजेटबाट भौतिक, शैक्षिक र व्यवस्थापकीय सुधारका गुरुयोजनामा प्रस्तावित कार्यक्रम गरिएको प्रधानाध्यापक ढुङ्गानाले बताए । यसअघिका तीन वटा आर्थिक वर्षमा तीन करोड ९० लाख बजेट पाएको विद्यालयमा यस वर्ष प्राप्त भएको एक करोड बजेटबाट प्रशासनिक, प्रयोगशाला भवन र घेराबार निर्माणका लागि ठेक्का आह्वान भएको छ । गत वर्षको बजेटबाट ठेक्का मार्फत चार कोठे भवन निर्माणको अन्तिम चरणमा छ ।

हाल २१५ जना विद्यार्थी रहेको जामुनाखर्कमा नमुना विद्यालय कार्यक्रमबाट विद्यार्थीहरूलाई छात्रवृत्तिको पनि व्यवस्था मिलाइएको छ । गत वर्ष स्थापना भएको हिराबहादुर बानिया स्मृति छात्रवृत्ति कोषले विद्यार्थीलाई पोशाक, शैक्षिक सामग्री र दिवा खाजामा सघाएको छ । हाल आठ लाख १२ हजारको अक्षयकोषको रकम वृद्धि गरेर पाँच वर्षमा २५ लाख पु¥याउने संरक्षकले घोषणा गरेका छन् । रासस

# नेता आएर गए व्यथा गएन !

**सुमित्रा आचार्य**

बाढीले बस्ने घर र खाने अन्न फलाउने खेत सबै बगाएपछि पनौती नपा–१२ रोशी बजारकी रिता केसी छिमेकीको घरमा बस्दै आएका छन् । भएको घरबार, लत्ताकपडा अनि पकाएर खाने भाँडाकुँडा सबै बगाएपछि राज्यले केही गरिदिन्छ कि भन्ने आशामा बस्दै दिनगन्ती गरेको चार महिना भयो । राज्यले बासस्थान बनाइदिने भन्ने कुराले मनमा आश पालेर बसेका बाढीपहिरो पीडितको चार महिना त्यत्तिकै बितेको छ । असोज ११ र १२ गते आएको बाढी र पहिरोले अस्तव्यस्त काभ्रेपलाञ्चोक जिल्लाका नागरिक सरकारको बाटो हेरेर बसेका छन् । विपद् सामनाको लामो समय वितिसक्दा पनि पीडितहरूले न राहत पाए न त क्षतिको तथ्याङ्क नै सङ्कलन भइसकेको छ ।

पाँच रोपनी जग्गामा लहलह झुलेको धान सबै सखाप हुनेगरी नजिकै रहेको घरबारीसँगै बाढीले बगाएपछि अहिले उनीहरू छिमेकीको घरमा रात बिताउँदै छन् । ‘खोला बाढीले ल्याएर थुपारेको ढुङ्गा, दाउरा र काठ पन्छाएर भएपनि अन्न फलाउने खेत त बनाउनै प¥यो ।’–यत्रतत्र छरिएका काठ र दाउरा टिप्दै केसीले भन्नु भयो–‘आफ्नो भएको जग्गा नै यही हो, अरु विकल्प केही छैन ।’ बाढीपछि खाद्यान्न र जस्तापाता पाएको उहाँले बताउनु भयो । सरकारले छिट्टै बास बस्ने ठाउँको व्यवस्था गरिदिए बाढीले बगाएर खोलासँगै धमिलिएको मन केही मात्रामा सफा हुने केसीको भनाइ छ ।

बाढी–पहिरो प्रभावितले अझै राहत पाएका छैनन् । राहतका नाममा एक बोरा चामल बाहेक केही नपाएको बताउने स्थानीयलाई दैनिकी चलाउनै धौ–धौ छ । पीडितहरू छिमेकीको सहारामा बस्दै आएका छन् । कतिपय त भत्किएकै घरमा जोखिम मोलेर बस्न बाध्य छन् । बाढी र पहिरोमा परेका कतिपय विद्यालय अझै सञ्चालनमा आउन सकेका छैनन् । खानेपानीदेखि विद्युतका संरचना बगेका छन् । बाढीले ढलाएको घर हेर्दै खोलाको बगरमाथि त्रिपालमा सुकाएको धान सफा गर्दै रहनु भएकी रोशी गाउँपालिकाकी धनकुमारी तामाङले खाने र बस्ने स्थानको सुनिश्चितताको आशामा दिन बिताइ रहेको बताए । खेती किसानी गरेर जीविका चलाउँदै आएका परिवारको आम्दानीको रुपमा रहेको फर्निचर उद्योगसमेत घरसँगै बाढीले बगाएपछि एक महिनादेखि घर न कामको जीवन बिताइरहेको उनले सुनाए । पनौती नपा–२ र १२ को सीमा क्षेत्रमा मात्रै ११ ओटा खानी तथा क्रसर उद्योग छन् । अव्यवस्थित खानीका कारण पनि ठूलो विपद् निम्तिएको यहाँका जनप्रतिनिधिले स्वीकारेका छन् ।

सरकारले काभ्रेका धुलिखेल र बनेपा बाहेक ११ ओटा स्थानीय तहलाई ३ महिनाका लागि सङ्कटग्रस्त स्थानीय तहको सूचीमा राख्यो । सङ्कटग्रस्त सूचीको समय सकिँदा समेत विपद्बाट प्रभावित नागरिकको आवश्यकता पूरा गर्नेतर्फ काम अघि बढेको छैन । सोही गाउँका रवीन्द्र नगरकोटीले बाढीपहिरो गएको एक महिना बितिसक्दा पनि के कस्तो समस्या छ र खाने बस्नेको अवस्था के कस्तो छ भनेर स्थानीय सरकार एक पटक पनि सोध्न नआएको गुनासो गरे । सबैचिज बगाएपछि बालबालिकाहरूको पढ्ने ठाउँ र बस्ने स्थानको सुनिश्चितता नभएर समस्यामा परेको उनले गुनासो गरे ।

स्थानीय राजेन्द्र केसीले व्यक्तिको घरबारी र खेत सबै बगाएपछि बिचल्लीमा परेका नागरिकलाई सुरक्षित ठाउँमा आवासको व्यवस्थापन गर्न अपरिहार्य रहेको बताए । ‘विपद्पछि उद्धार र राहतसँगै बाटोघाटो त बन्यो, तर उहाँहरूलाई त्यसले खासै छोएको छैन ।’–उहाँले भन्नु भयो–‘सुरक्षित तरिकाले बस्ने आवास छैन । कमाई खाने ठाउँ छैन । राज्यले यहीको भूगोललाई छनौट गरेर एकीकृत आवासको व्यवस्थापन गर्न आवश्यक छ ।’

पनौतीका धन गुरुङ गाउँका युवाहरूलाई ज्यालामा लगाएर बाढीले थुपारेको गेग्रानहरू पन्छाउँदै भने,‘बल्ल मान्छेहरूलाई केही फुर्सद हुन थालेपछि पुरेको ठाउँलाई सफा गर्न थालेको हुँ ।’ दुई तले घर बगाएपछि शङ्कर तामाङ छिमेकीको घरमा बस्दै आएका छन् । बस्ने घर बनाउन पैसा नै नभएको र खाने अन्नपात सङ्घसंस्थाले वितरण गरेकोबाट चलाइरहनु भएका उनी राज्यले सुरक्षित बस्ने ठाउँको व्यवस्थापन गरिदिने आशामा रहेको बताउँछन् । बस्ने घर नै नहुँदा बिजुली बत्ति, मोटरबाटो र खानेपानी कसरी उपभोग गर्ने ? ति सबैले नछोएको मनलाई सुरक्षित आवासले मात्रै छुनसक्ने भएकाले राज्यले अब त्यसमा ध्यान केन्द्रित गर्नुपर्नेमा उनले जोड दिए ।

पनौती नपा–१२ का वडाध्यक्ष जयराम केसीले यहाँका नागरिकको लागि बगरमा बाढीको र डाँडापाखामा पहिरोको डर भएकाले व्यवस्थित एवम् एकीकृत बस्ती विकासतर्फ नै सोच्दा उचित हुने बताउँछन् । यसमा सङ्घीय सरकारको सहयोगको अपेक्षामा रहेकाले नागरिकको आवास व्यवस्थापनमा ढिलाइ भइरहेको उनको भनाइ छ । पनौती नगरपालिकाका प्रमुख रामशरण भण्डारी जनताको पहिलो आवश्यकता आवास भएकाले बस्ने ठाउँको व्यवस्थापन गर्न सकेको अवस्थामा बस्तुभाउ पालेर पुनः जीवनयापनलाई विस्तारै लयमा फर्काउन सकिने बताउँछन् ।

जिल्ला विपद् व्यवस्थापन समितिले बासस्थान निर्माण गर्ने विषयमा जोखिमयुक्त बस्तीको भौगोलिक अवस्था अध्ययन गरी राष्ट्रिय जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण र शहरी विकास तथा भवन कार्यालयलाई अनुरोध गरेको छ । विपद्पछि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, गृहमन्त्री रमेश लेखक, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहलगायतले बाढीपहिरो प्रभावित क्षेत्र पनौती नपा–१२ रोशी भूमिडाँडाको स्थलगत निरीक्षण गरेपनि यहाँको पीडितको अवस्था उस्तै रहेको छ । ‘नेता आएर गए व्यथा भने उस्तै रह्यो’–यहाँका स्थानीयले गुनासो गरे ।

# लागुऔषधविरूद्धको महाअभियानलाई देशव्यापी बनाऔँः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले लागुऔषधमुक्त समाज निर्माणका निम्ति लागुऔषधविरूद्धको महाअभियानलाई देशव्यापी बनाउनुपर्नेमा जोड दिए ।
काठमाडौँमा उपत्यका प्रहरी कार्यालयले आजदेखि सुरू गरेको लागुऔषधविरूद्धको महाअभियान उद्घाटन समारोहमा गृहमन्त्री लेखकले लागुऔषध व्यक्ति, परिवार हुँदै समाजकै लागि घातक रूपमा देखापरिरहेको बताए ।
'लागुऔषध अत्यन्त चुनौतीका रूपमा देखिएको छ, युवाहरूमा नकरात्मक असर पारेको छ', गृहमन्त्री लेखकले भने,'सरकार र प्रहरीको मात्रै विषयवस्तु छैन, होइन, यो समग्र समाजकै चिन्ताको विषय भइसकेको छ ।'
लागुऔषधले व्यक्तिलाई मात्र नभई समग्र समाजलाई खोक्रो बनाउँदै लगेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले यसको नियन्त्रणका लागि तीन तहका सरकारले अभियानका रूपमा सञ्चालन गर्न जरूरी रहेको बताए ।
'लागुऔषध प्रयोगकर्ताको जीवन समाप्तितर्फ गएकै छ । समग्र परिवार नै चिन्ता र पीडामा जान्छ । यसले अरू अपराधको पनि वृद्धि गरेको छ', उनले भने,'समाजमा विविधखालको अपराध वृद्धि भइरहेको छ, धेरै अपराधको जगमा लागुऔषध छ ।'
लागुऔषधविरूद्धको महाअभियान देशव्यापी रूपमा चलाउन जरूरी रहेको भन्दै उहाँले विद्यालयस्तरसम्म महाअभियान पुर्याउन आवश्यक रहेको बताए ।
'महाअभियानलाई प्रत्येक जिल्ला, पालिका र टोल, विद्यालय तथा क्याम्पससम्म जोड्नुपर्छ । यदि समयमै नियन्त्रण गरेनौँ भने १०–१५ वर्षमा एउटा पुस्ता नै नराम्रोसित प्रभावित हुने खतरा देखिराख्या छु', उनले भने, 'जुन ढङ्गले लागुऔषधको ओसारपसार, भण्डारण र प्रयोग भइरहेको छ । त्यसले आगामी १०–१५ वर्षमा भयाभहस्थिति ल्याउने अवस्था देखिरहको छु ।'
'लागुऔषधमुक्त समाज निर्माणका लागि देशव्यापी बनाउन आवश्यक छ र प्रहरीलाई यो महाअभियान देशव्यापी रूपमा लैजान निर्देशन दिन्छु', गृहमन्त्री लेखकले भने,'यसमा सबै तहका सरकारले पनि सहयोग गर्न आवश्यक छ । यसलाई सबैले अभियानका रूपमा अगाडि बढाउनुपर्छ ।'
सवारी दुर्घटना, लुटपाट, चोरी, साइबर अपराध, आत्महत्या, यौनजन्य घटनाका पछाडि लागुऔषध एउटा कारकका रूपमा रहेको उनको भनाइ थियो । 'एक दिनमा सात जनाको सवारी दुर्घटनामा मृत्यु र १७ जनाले दैनिक आत्महत्या गरिरहेको छ । यसका पछाडि पनि लागुऔषध कारक देखिन्छ', लेखकले भने,'समाजमा अपराध वृद्धि, अराजकता र बेतिथिका पछाडि लागुऔषध र मादक पदार्थ कारकका रूपमा देखापरेकाले समाजका धेरै अपराध नियन्त्रणका लागि लागुऔषध नियन्त्रण गर्न आवश्यक छ ।'
लागुऔषध नियन्त्रण गर्न सके धेरै अपराधका घटनामा कमी ल्याउन सकिने मन्त्री लेखकको भनाइ छ ।रासस

# राष्ट्रपतिद्वारा राष्ट्र निर्माणको महाअभियानमा जुट्न अपिल

**गण्डकी ।**
राष्ट्रपति रामचन्द्र पौडेलले केही भएन भन्नेमात्र नभई धेरै भएको छ तर देश र जनताका लागि हामीले अझै थुप्रै गर्न बाँकी छ भन्ने अठोटसहित राष्ट्र निर्माणको महाअभियानमा जुट्न अपिल गरेका छन् ।
कास्कीको पोखरा महानगरपालिका–१८ सराङकोटमा आयोजित श्रीमद्भगवत् ज्ञान महायज्ञ एवं धार्मिक पर्यटन महाउत्सव २०८१ एवं देवालय सराङकोटधामको समुदघाट्न समारोहलाई शनिबार सम्बोधन गर्दै उनले जनताको लामो संघर्ष, त्याग र बलिदानबाट हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको बताउँदै हाम्रो संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको अभिष्ट पनि मुलुकको आर्थिक विकास भएको स्पष्ट पारे ।
राष्ट्रपति पौडेलले युवा जनशक्तिको पलायन मुलुकका लागि ठूलो चिन्ताको विषय भएको भन्दै यो अवस्थाबाट मुलुकलाई जोगाउन सम्बद्ध सबैलाई गम्भीर बन्न आग्रह गरे । उनले भने, 'युवा जनशक्तिको पलायन मुलुकका लागि ठूलो चिन्ताको विषय हो । यो अवस्थाबाट मुलुकलाई जोगाउन सम्बद्ध हरेक पक्ष गम्भीर बनून् भन्ने मेरो आग्रह छ ।'
उनले देश विकासको मूल आधार कृषि, जलस्रोत, पर्यटन र पूर्वाधारको विकास भएकाले कृषि, जलस्रोत, पर्यटन, उद्योगधन्दाको विकास र उत्पादन बढाएर स्वदेशी अर्थतन्त्रलाई मजबुत बनाउनुपर्ने धारणा व्यक्त गरे ।
राष्ट्रपति पौडेलले २०४६ सालको



परिवर्तनपछि गाउँ, गाउँमा बाटो, बिजुली, पानी, शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता पूर्वाधार पुगिसकेको बताउँदै अब स्वदेशमै रोजगारी र आम्दानीको अवसर सृजना गरी विदेश पलायन भइरहेको युवा जनशक्तिलाई रोक्नु पहिलो आवश्यकता भएको बताए । उनले भने, 'यो पवित्र स्थलबाट म आज अपिल गर्न चाहन्छु कि सबै नीति, निर्माण तहमा रहेका हामी सबैको ध्यान यसको समाधानतर्फ केन्द्रित होस् ।' उनले पोखरा र यस क्षेत्रको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई नेपाल र विश्व पर्यटन बजारमा प्रवद्र्धन गरी पर्यटन क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिने प्रचुर सम्भावना आफूले देखिरहेको बताए ।
उनले पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको अत्यन्त महत्त्वपूर्ण भूमिका हुने भन्दै निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण बनाउन स्थानीय, प्रदेश र संघ सरकारले उपयुक्त नीति, नियम र कानून निर्माण गरेर प्रोत्साहन गरिदिनुपर्ने उल्लेख गरे ।
राष्ट्रपति पौडेलले पोखरा अन्तरराष्ट्रिय विमानस्थलले यसलाई सिधैँ विश्वसँग जोडेको उल्लेख गर्दै 'जाउँ है पोखरा'लगायतका पर्यटन प्रवद्र्धन अभियानमात्र होइन यहाँ हुने मेला, महोत्सव र साहसिक गतिविधिले यो विश्वकै एउटा घुम्नैपर्ने ठाउँका रूपमा विकास हुँदै गएको बताए । उनले भने,'पोखरालाई अझै आधुनिक, विकसित र सुविधासम्पन्न बनाउँदै लैजान नीति निर्माता, तीनै तहका सरकार, पर्यटन उद्यमी, व्यवसायी र यहाँका बासिन्दा दत्तचित्त भएर लाग्नुपर्दछ भन्ने मलाई लाग्दछ ।' रासस

# 'छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नुपर्छ'



**काठमाडौँ ।**
नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले हरेक राष्ट्रले आफ्नो राष्ट्रिय हितका लागि छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् ।
अमेरिका र युक्रेनबीच अमेरिकामा भएको प्रत्यक्ष वार्ताले धेरैलाई धेरै कुराको पाठ सिकाएको उल्लेख गर्दै उनले छिमेकीसँगको सम्बन्ध बिग्रँदा ठूला र शक्तिशाली देशहरूले पनि दुःख पाउनुपर्ने उल्लेख गरे ।
अमेरिका र युक्रेनबीच अमेरिकामा भएको प्रत्यक्ष वार्ताबारे सामाजिक सञ्जाल फेसबुकमा शनिबार आफ्नो धारणा राख्दै उनले भनेका छन्, 'छिमेककाविरूद्ध बाहिरबाट प्राप्त हुने सहयोग अस्थायी र कतिपय अर्थमा स्वार्थ आधारित हुँदोरहेछ, आज रूस र युक्रेन दुवैका लागि युद्ध घाँडो भएको छ । तर युद्ध अन्त्यका लागि उनीहरूले निकै ठूलो मूल्य चुकाउनुपर्ने अवस्था देखिँदैछ ।'
शान्ति र स्थायित्वका लागि अब हरेक देशले सोच्नुपर्ने उल्लेख गर्दै उनले क्षेत्रीय शान्तिबिना विश्वशान्ति सम्भव नहुने बताएका छन् । एसियाली देशहरूले आपसी सम्बन्धको विकासमा जोड़ दिने हो भने एसिया विश्व सभ्यताको केन्द्रका रूपमा पुनःस्थापित हुने अवस्था भएको उनको भनाइ छ ।रासस

# यातायातसम्बन्धी सबै समस्या समाधान गर्छौँः मुख्यमन्त्री लामा

**मकवानपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले यातायातसम्बन्धी सबैखाले समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।
नारायणी यातायात व्यवसायी संघको ३६ औँ वार्षिक साधारणसभा तथा १६औँ अधिवेशन उद्घाटन समारोहलाई शनिबार हेटौँडामा सम्बोधन गर्दै उनले यातायातसम्बन्धी नियम कानून संशोधन गरी समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको स्पष्ट पारे ।
राज्यले गर्नुपर्ने धेरै काम यातायात व्यवसायी आफैँले गरिरहेको बताउँदै सवारी जाँचपास र नवीकरणलाई प्रविधिमैत्री बनाउन छलफल अगाडि बढाउन प्रदेश सरकार तयार रहेको बताए । विदेशमा भएको प्रणाली प्रदेशमा पनि कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिँदै दुर्घटना तथा बिमासम्बन्धी ऐनमा आवश्यक संशोधन गर्न प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने बताए ।
बागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले प्रदेशको ३० प्रतिशत राजस्वमा यातायात क्षेत्रले योगदान गरिरहेको बताएका छन् । उनले २२ लाख सवारी चालक अनुमतिपत्र नागरिक एपमा राखिएको जानकारी दिए । अनलाइनबाटै राजस्व तिर्ने, नवीकरण गर्ने र नामसारी गर्ने व्यवस्था मिलाउने तयारीमा प्रदेश सरकार लागिरहेको उनले बताए ।
संघका अध्यक्ष हीरालाल श्रेष्ठले सेवामूलक संस्था भएर पनि संघले नेपाल सरकारलाई कर तिर्दै आइरहेको बताए । अहिले पनि ठूलो रकम सरकारलाई कर तिनुपर्ने र आर्थिक अभावका कारण भरतपुरको रामनगरमा रहेको जग्गा बिक्री गरेर कर चुक्ता गर्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ । हेटौँडामा मुख्य कार्यालय रहेको नारायणी यातायात ब्यवसायी संघले



चितवनको रामनगरमा रहेको जग्गा बिक्री गरी कर तिर्ने तयारी गरिरहेको छ ।
बि.सं. २०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रूपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले व्यवसायीका दुर्घटना, बिमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो ।
साधारणसभामा संविधानसभा सदस्य अनन्त पौडेल, प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँ, प्रेमबहादुर पुलामी, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटलगायतले शुभकामना दिएका थिए ।
संघले हेटौँडामा मुख्यालय रहेको मानव सेवा आश्रमलाई हरेक साधारणसभामा सहयोग गर्दै आएकामा यो वर्ष नगद रु. ५१ हजार सहयोग गरेको छ । त्यस्तै पाँच जना चालकलाई जनही नगद रु. १० हजारसहित सम्मान गरिएको छ । सम्मानित हुनेमा हेटौँडाका अर्जुन भुर्तेल, ध्रुवलाल श्रेष्ठ, काठमाडौँका सुरेश श्रेष्ठ, चितवनका भोला थापा र रौतहटका रामपुकार राय रहेका छन् । साधारणसभामा नेपाल मेडिसिटी अस्पताल काठमाडौँका विशेषज्ञ डाक्टरको टोलीले व्यवसायीको स्वास्थ्य परीक्षण गरेका थिए ।रासस

# सार्वजनिक स्थानमा फोहर फाल्नेप्रति कठोर बन्दै कामपा

**काठमाडौँ ।**
काठमाडौं महानगरपालिकाले सार्वजनिक स्थानमा फोहोर फाल्ने जोकोहीलाई ५ हजारदेखि १५ हजार रुपैयाँसम्म जरिवाना गराउने भएको छ ।
कामपा वातावरण विभागका अनुसार कामपा क्षेत्रका घर कम्पाउन्ड तथा परिसरको फोहोरमैला सडक, फुटपाथ तथा अन्य सार्वजनिक स्थानमा फाल्ने, राख्ने वा थुपार्नेजस्ता कार्य गरे रु पाँच हजारदेखि १५ हजारसम्म कारबाही गर्ने भएको हो ।
कामपा वातावरण विभागका प्रमुख सरिता राईका अनुसार जथाभावी फोहोर फाल्दा दुर्गन्धित हुनुका साथै नागरिकको जनस्वास्थ्यमा समेत गम्भीर असर गर्ने भएकाले पूर्ण रुपमा यस कार्यलाई प्रतिबन्ध गरिएको हो ।
यदि कामपाको आग्रहलाई बेवास्ता गरी सार्वजनिक स्थानमा फोहोर फालेको कामपाको अनुगमन टोलीले भेटे कामपाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा (च) बमोजिम कारबाही हुने पनि कामपाले स्पष्ट पारेको छ ।
यसैबीच, कामपाले फोहोर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउनका लागि ३२ वटै वडामा छवटा क्षेत्र निर्धारण गरी काम गर्ने भएको छ । फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउन नयाँ व्यवस्था गर्न लागिएको वातावरण व्यवस्थापन विभागको भनाइ छ ।
वातावरण विभागको प्रमुख सरिता राईका अनुसार छ वटै क्षेत्रमा १÷१ वटा ट्रान्फरस्टेशन तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लगिने छ । त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसङ्ख्याका आधारमा क्षेत्र निर्धारण गरेको हो ।
यसका लागि कामपाले उत्पादकलाई फोहोर व्यवस्थापनको जिम्मा लगाउने गरेको छ । प्रमुख राईका अनुसार फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ ।
हाल वडा नम्बर ५, १०, २४, २५, २६ र २७ मा स्रोतमै फोहोर वर्गीकरण भइरहेको छ । अब छिट्टै अन्य वडामा पनि फोहोर वर्गीकरण गरेर मात्र व्यवस्थापन गर्ने तयारी कामपाको छ । स्रोतमा उत्पादित फोहोरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गरिने छ ।
हाल काठमाडौं उपत्यकाको १८ स्थानीय तहबाट दैनिक एक हजार छ सय मेट्रिक टन फोहोर निस्कने गर्छ । साविकको सिसडोलमा व्यवस्थापन हुँदै आएको फोहोर उक्त स्थान भरिएपछि विगत साँढे दुई वर्षदेखि बञ्चरेडाँडामा व्यवस्थापन गरिँदै आएको छ । रासस

# चौँरी याक प्रवर्द्धन गर्दै सिरिजङ्घा गाउँपालिका



**फुङ्लिङ ।**
सिरिजङ्घा गाउँपालिकाले कञ्चनजङ्घा आधार शिविर क्षेत्रमा चौँरी याक प्रदर्शनी गर्ने भएको छ । विश्वको तेस्रो अग्लो हिमालको आधार शिविरमा चौँरी याक प्रवद्र्धन तथा संरक्षण गर्न प्रदर्शनी आयोजना गर्न लागिएको हो ।
यसका लागि गाउँपालिकाले आठ लाख बजेट विनियोजन गरेको जनाइएको छ । सिरिजङ्घा महोत्सव–२०८२ का अवसरमा आगामी वैशाख १३ देखि १५ गतेसम्म चौँरी याक प्रवद्र्धन तथा प्रदर्शनी आयोजना गरिने गाउँपालिकाका उपाध्यक्ष डा.चित्र माबोले जानकारी दिए । त्यस अवसरमा उत्कृष्ट चौँरी पालकलाई पुरस्कृत गरिने छ ।
गाउँपालिकाका अनुसार उत्कृष्ट हुने किसानलाई २८ हजार पाँच सय ८६ रुपैयाँ प्रदान गरिनेछ भने सान्त्वना पुरस्कार स्वरूप आठ हजार पाँच सय ८६ उपलब्ध गराइने छ । हाल चौँरीपालनप्रति आकर्षण घट्दै गएकाले यसको संरक्षण र महत्त्व उजागर गर्न प्रदर्शनी आयोजना गर्न लागिएको उपाध्यक्ष माबोले बताए । चौँरी पालन हिमाली क्षेत्रमा जीवनयापनको मुख्य आधार भएकाले यसलाई प्रवद्र्धन गर्न आवश्यक रहेको उनको भनाइ छ ।
ताप्लेजुङको उच्च हिमाली क्षेत्रमा समुदायको प्रमुख आम्दानीको स्रोत चौँरी गोठ हो ।
चौँरीबाट दूधजन्य पदार्थ घ्यू, छुर्पी उत्पादन गरेर बिक्री गरेर गुजारा गर्दै आएका छन् । त्यस्तै याक चीनका विभिन्न बजारमा माग आउने गर्छ । किसानले चीनमा याक निर्यात गर्न पनि याक पालन गर्ने गर्छन् । एउटा याक एक लाखभन्दा बढी मूल्यमा चीनमा निर्यात हुने गरेको किसानको भनाइ छ । गाउँपालिकाले आयोजना गरेको चौँरी याक प्रवद्र्धन तथा प्रदर्शन कार्यक्रमले किसानलाई थप प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ । रासस

# तयार भयो 'बजेट क्यालेण्डर: करिब १९ खर्ब हाराहारीको बजेट लेखिँदै

**काठमाडौँ ।**
अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी बजेट लेखन थालेको छ ।
राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।
'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर अध्यादेशमार्फत ल्याइएको बजेट क्यालेण्डरसम्बन्धी व्यवस्थाअनुसार काम अघि बढिरहेका छन् । स्रोत अनुमान समितिले करिब १९ खर्ब हाराहारीको बजेट सिलिङ उपलब्ध गराइसकेको छ । सबै विषयगत मन्त्रालयलाई पनि बजेट सिलिङ दिइसकेका छौँ', भण्डारीले भने ।
आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरुले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन




पाइसकेका छन् । मन्त्रालयहरुले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरुको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।
बजेटमा समावेश गर्नुपर्ने विषयहरुमा सार्वजनिक सूचना जारी गरी सुझाव संकलन गर्ने काम आगामी चैत १५ गतेदेखि २०८२ वैशाख १० गतेभित्र टुङ्ग्याउने गरी कार्यतालिका बनाइएको छ । बजेटका नीति तथा कार्यक्रममाथि आगामी चैत १६ गतेदेखि चैत २२ गतेसम्म राष्ट्रिय योजना आयोगमा छलफल चल्नेछ ।
सबै मन्त्रालयहरुले आगामी चैत १५ गतेभित्र सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गरिसक्नुपर्नेछ । मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत् विषयगत मन्त्रालयहरुले बजेत प्रस्ताव गर्ने अन्तिम मिति चैत १५ लाई तोकिएको छ ।
यसरी मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरुसँग आगामी चैत २० गतेदेखि चैत २२ गतेसम्म सैद्धान्तिक छलफल चल्नेछ । मन्त्रालयहरुसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने चैत २४ गतेदेखि वैशाख १५ गतेसम्म चल्नेछ ।
त्यस्तै, चैत २८ गतेभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरुसँग प्रदेशगत रुपमा छलफल हुनेछ । संघीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरुसँग छलफलका लागि आगामी चैत २४ देखि वैशाख १५ गतेसम्मको समयावधि तोकिएको छ ।
आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरु, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरुसँगको छलफलका चैत २६ देखि वैशाख २५ गतेसम्म चल्नेछ । त्यस्तै, आगामी वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र संघीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेन्डर बनेको छ ।
आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ ।
त्यस्तै, अर्थमन्त्रीले जेठ १० गते राष्ट्रपतिसमक्ष बजेट 'बिफ्रिङ' गर्ने कार्यतालिका छ । बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रुप दिइ जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ ।
आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक जेठ १४ गते छपाइका लागि पठाइनेछ । आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरुको प्रगति विवरण आगामी जेठ १४ गते संघीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ । त्यस्तै, जेठ १५ गते संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पेस हुनेछ । रासस

# स्ट्रबेरीखेतीबाट वार्षिक ३० लाख आम्दानी

**काभ्रेपलाञ्चोक ।**
बनेपा नगरपालिका–१० जनागालका मुक्ति विष्टलाई अहिले स्ट्रबेरी फल टिप्न र बजार पठाउन भ्याइन भ्याइ छ । पछिल्ला दुई वर्षदेखि ३० लाखको हाराहारीमा आम्दानी गरिरहेका विष्ट हाल जनागाल र नुवाकोटको ककनीमा स्ट्रबेरीको रेखदेख गर्नमा व्यस्त छन् । करिब चार वर्षअघि 'कोरोना महामारीकाल'मा हरेक क्षेत्रका व्यक्तिले रोजीरोटी गुमाइरहेका बेला निकालेको 'जुक्ति'ले मुक्ति विष्ट अहिले स्ट्रबेरीको स्थापित व्यवसायी बनेका हुन् ।
विष्ट त्यसबेलाको जुक्तिबाट व्यावयायिक स्ट्रबेरीखेतीमा रत्तिभर विचलित नभई व्यवसायको दायरा बढाउँदै रमाइरहेका छन् ।
'अहिले बजारीकरणको समस्या छैन, स्थानीय तथा उपत्यकाको बजारमा तीन सयदेखि सात सयसम्ममा स्ट्रबेरी बिक्री भइरहेको छ', विष्टले भने ।
जसले आफ्नै देशमा पसिना बगाइरहेका छन्, धेरैजसोले कृषि व्यवसाय रोजेको पाइन्छन् । यस्तैमध्येका एक हुन् विष्ट । उनी आफ्नै दश रोपनी जग्गामा स्ट्रबेरी रोपेर जिल्लामा मात्र नभएर देशकै नमुना कृषकको पहिचान बनाउने अभियानमा छन् ।
तर, ४५ वर्षीय विष्टले स्ट्रबेरी रोप्ने सीप सिकेर व्यवसाय थाल्नुभएको भने होइन, अरूले रोपेको देखेर र भनेको सुनेकै भरमा थालेका हुन् । दैनिक हजारौँ युवा रोजगारीका लागि विदेश पलायन भइरहँदा स्वदेशमै पनि केही गरौँ भन्ने लाग्नेहरूलाई विष्टको स्ट्रबेरीखेती उदाहरणीय बन्न सक्ने देखिएको छ । अहिले विष्टले यही खेतीबाट नाम र दाम पनि कमाउँदै छन् । उनले आफ्नै माटोमा बगाएको पसिनाले प्रत्येक वर्ष मुनाफा बढाइरहेको छ । त्यस्तै व्यवसायको दायरा पनि फराकिलो भइरहेको छ ।
यस वर्ष पनि विष्टले लगाएको खेतीबाट उत्पादन सुरु भइसकेको छ । उनले स्ट्रेबरीखेतीका लागि करिब ३० लाख लगानी गरेका छन् ।
गत वर्ष सबै खर्च कटाएर ३० लाख बचत गरेका थिए । उनी यस वर्ष यतिकै हाराहारीमा आम्दानी लिने अपेक्षामा छन् । विष्टले हाल स्ट्रेबरी मात्र लगाउनुभएको छैन, मौसमअनुसारका अन्य तरकारी तथा कुखुरापालनसमेत पनि गरिरहेका छन् ।
हाल उनको व्यवसायमा दैनिक पाँच जनाले रोजगारी पनि पाएका छन् । व्यवसायका लागि उहाँले विभिन्न सहकारी र बैंकबाट केही ऋण लिएको बताए ।
'व्यवसायका लागि सरकारले दिने सहुलियत ऋणका लागि प्रयास गरिरहेको छु, तर पाएको छैन', उनले गुनासो गरे ।
विष्ट आफ्नो व्यवसायलाई अब कसरी नयाँ रूप दिने भन्नेबारे सोच्दै छन् । उनले भने, 'अब केही समयमै स्ट्रेबरीखेतीबाट वाइन र जुस कम्पनी खोलेर यसलाई उद्योगका रूपमा विकसित गर्ने लक्ष्य छ, यसका लागि विज्ञहरूसँग सल्लाह गरिरहेको छु ।'
साथै, विष्टले गत वर्षदेखि नै स्ट्रबेरीका अतिरिक्त बिरूवासमेत उत्पादन गरेर बेच्ने गरिरहेको सुनाए । उनको अनुभवमा स्ट्रेबरी आफैँमा एक स्वादिलो र पोषिलो फल भएको र यसले मानव स्वास्थ्यमा धेरै नै फाइदा दिने भएकाले बजारमा माग र मूल्य उच्च भएको हो ।
विष्टले यस वर्ष ५० हजार केजी उत्पादन गर्ने लक्ष्य लिएका छन्, जसबाट गत वर्षभन्दा बढी आम्दानी हुनेछ । उनले स्ट्रेबरीखेतीका लागि बनेपामा र ककनीमा गरी एक लाख बिरुवा रोपेका हुन् ।
उनले भने, 'स्ट्रबेरीको बिरुवा र उत्पादनका लागि अब बजारको समस्या छैन, आफैँ बिरुवा उत्पादन थालेको छु ।'
उनले चितवन, नवलपरासी र बारामा स्ट्रबेरीखेतीका लागि अध्ययन भइरहेको बताए । उनले गत वर्ष ४० हजार बिरुवा उत्पादन गरी केही बिक्री गरेका थिए । दुई महिनामा हुर्केको स्ट्रबरीले उत्पादन दिन थाल्छ । उनले स्ट्रबेरीखेती थालेको थाहा पाउने बनेपा तथा आसपासका उहाँको खेतमै गएर खेती हेर्ने र किनेर लैजाने गर्छन् । विष्टले भने, 'आजकाल दैनिक मेरो स्ट्रबेरी खेती हेर्न आउनेक्रम बढ्दैछ, उहाँहरू यहीबाटै किनेर पनि लैजानुहुन्छ, उहाँहरूलाई म बजारको भन्दा सस्तोगरी दिने गर्छु ।'
विष्टले उत्पादन गरेको स्ट्रबेरी जिल्लाको मुख्य बजार बनेपालगायत धुलिखेल, पाँचखाल र पनौती तथा काठमाडौँ, पोखरा तथा चितवनसम्म जाने गरेको छ । विष्टले भने, 'देशका प्रमुख सहरमा मेरा उत्पादन पु¥याउने लक्ष्य लिएको छु, स्ट्रबेरी बिरुवा छिमेकी जिल्ला भक्तपुर, सिन्धुपाल्चोक र सिन्धुलीबाट माग हुन थालेको छ, त्यसमा पनि विशेष ध्यान दिइरहेको छु ।' प्रतिबिरूवा २५ देखि ३० सम्ममा बिक्री हुने गरेको विष्ट बताउँछन् ।
विष्टले अमर भू–मण्डलीय बहुउद्देश्यीय कृषि फार्म दर्ता गरी नयाँ नयाँ काम शुरू गरिएकाले लगानीमा पनि वृद्धि हुँदै गएको बताउँछन् ।
'शुरूआतका बेला कृषि तथा अन्य उत्पादनमा लाग्ने क्रममा केही घाटा व्यहोर्नुप¥यो, अहिले त्यस्तो छैन',विष्टले भने । उत्पादनका लागि रासायनिक मलको अभावले कठिनाइ व्यहोर्नुपरेको विष्टले सुनाए ।

# धार्मिक पर्यटन प्रवर्द्धन गर्न महायज्ञ !



**दमौली ।**
धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शुक्लागण्डकी नगरपालिका–११ साँखेमा आयोजित महायज्ञमा ४३ लाख ३७ हजार चार सय ९७ रुपैयाँ संकलन भएको छ ।
साँखेस्थित एक सय २० वर्ष पुरानो शिवालयका माध्यमबाट साँखेक्षेत्रको धार्मिक पर्यटनमा टेवा पु¥याउने उद्देश्यले महायज्ञ आयोजना गरिएको शिवालय व्यवस्थापन समितिका अध्यक्ष नीलकण्ठ अर्यालले बताए ।
महायज्ञको समापन गर्दै शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले यज्ञबाट सनातन धर्मको संरक्षणमा सहयोग पुग्ने बताएका छन् ।
यो मन्दिरमा हरेक वर्ष शिवरात्रिमा तनहुँ र स्याङ्जाका साथै देशका विभिन्न स्थानबाट भक्तजन आउने गरेका छन् । शिवालय र आसपासका क्षेत्रमा जन्तेढुङ्गा, सीता पाइलालगायत पुरातात्विक महत्वका संरचना छन् । रासस

# टर्कीसँग पिकेकेद्वारा युद्धविराम घोषणा

**इस्तानबुल ।**
टर्कीको जेलमा रहेका नेता अब्दुल्लाह ओकालानको अनुरोधपछि कुर्द लडाकू समूह (पिकेके)ले शनिबार टर्कीसँग युद्धविरामको घोषणा गरेको छ । चार दशकभन्दा बढी समयदेखि टर्कीसँग लडेपछि यसै हप्ता कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके)को विघटनको घोषणा गर्दै ओकालानले नेता तथा कार्यकर्तालाई हतियार बिसाउन आग्रह गरेका हुन् ।
पिकेके कार्यकारी समितिले ओकलानलाई उद्धृत गर्दै भनेको छ, 'नेता अपोको शान्ति र लोकतान्त्रिक समाजका लागि आह्वानको कार्यान्वयनका लागि मार्ग प्रशस्त गर्न हामी आजदेखि लागू हुने गरी युद्धविरामको घोषणा गर्दैछौं ।'
उत्तरी इराकमा मुख्यालय रहेको समितिले भनेको छ, 'हामी पिकेके विघटनको आह्वानको विषयसँग सहमत छौँ र यसलाई अनुसरण र कार्यान्वयन गर्नेछौँ ।'
'आफ्नो समूहमाथि आक्रमण नभएसम्म हाम्रा कुनै पनि



सेनाले सशस्त्र कारबाही गर्ने छैनन्,' विज्ञप्तिमा भनिएको छ । टर्की, संयुक्त राज्य अमेरिका र युरोपियन युनियनद्वारा आतंकवादी समूह घोषित पिकेकेले सन् १९८४ देखि कुर्दहरूको लागि एक मातृभूमि बनाउने उद्देश्यले विद्रोह गरेको छ । पिकेकेले टर्कीको आठ करोड ५० लाख जनसङ्ख्याको लगभग २० प्रतिशत हिस्सा ओगटेको छ ।
सन् १९९९ मा ओकालान जेलमा परेदेखि नै करिब ४० हजारभन्दा बढी मानिसको ज्यान लिइसकेको रक्तपात अन्त्यका लागि विभिन्न प्रयासहरू भएका छन् ।
ओकालानसँग उहाँलाई राखिएको टापुको एक जेलमा धेरै पटकको बैठकपछि कुर्द समर्थक डीईएम पार्टीले बिहीबार पिकेकेलाई आफ्ना हतियारहरू बिसाउन र संगठनको विघटनको घोषणा गर्न एक सम्मेलन बोलाउन अपिल गरेको थियो ।
पिकेकेले शनिबार ओकालानले चाहेअनुसार सम्मेलन आयोजना गर्न तयार रहेको तर त्यसका लागि उपयुक्त सुरक्षित वातावरण सिर्जना गर्नुपर्ने र ओकालानले व्यक्तिगतरुपमा निर्देशन र सम्मेलनको सफलताका लागि नेतृत्व गर्नुपर्ने बताएको छ । रासस

# हाम्रो सङ्घीयता भनेको सहकार्यको सङ्घीयता होः तारामान स्वार

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तारामान स्वार राष्ट्रियसभा सदस्य हुन् । सांसद स्वार २०७६ सालमा राष्ट्रियसभामा प्रवेश गरेका हुन्।

राष्ट्रियसभाको सदस्य भएको पाँच वर्ष भयो। यो पाँच वर्ष राष्ट्रियसभामा रहेर काम गर्दैगर्दा धेरै कुराको अनुभव लिने अवसर मिल्यो। संसद्् भनेको कानुन निर्माणसँगै जनताका सवाललाई उठाउने थलो हो । तर सांसदहरु संविधानअनुरुप कानुन निर्माण गर्नेभन्दा पनि आपसी आरोप–प्रत्यारोपमा केन्द्रित भएको देखिन्छ । संसद्मा जनताका सवाल जति उठ्नुपर्ने हो, त्यति स्थान पाएको देखिँदैन । संसद् मुख्यत सरकार बनाउने र ढाल्ने खेलमै केन्द्रित भएको जस्तो देखिन्छ। हामी सांसद भनेको जनप्रतिनिधि हो । जनताको आवाजलाई संसद्मार्फत सरकारसम्म पु¥याउनुपर्ने हो । तर सांसदहरुले राजनीतिक खिचातानीमै व्यस्त भएको देखिन्छ। अर्को कुरा, संविधान जारी भएको करिब एक दशक भएको छ।

जुन गतिमा संविधानको मर्मअनुरुप कानुन निर्माण हुनुपर्ने हो, त्यो भएको छैन। संविधानको मौलिक हकमा रहेको व्यवस्थाको कानुन बनाउने कुरा अझै पनि पूरा भएको छैन । नीति तथा कार्यक्रम र बजेटबाहेक अन्य नीति संसद्मा पेस हुँदैन । सांसदहरु पनि विकासे कार्यकर्ताको रुपमा मात्रै देखा परेका छन्।

संविधानमा रहेका केही प्रावधान कार्यान्वयन भएका छन्। तर जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । संविधानअनुसार अझै ४० वटा कानुन बन्न सकेको छैन। जति राष्ट्रियसभाले छिटोछिटो कानुन पारित गरेको हुन्छ, त्यहीअनुरुप प्रतिनिधिसभाले गर्न सकेको छैन । राष्ट्रियसभाबाट पारित भएका धेरै विधेयक प्रतिनिधिसभामा गएर अड्किएका छन्।

अहिले संविधान संशोधनको बहस चलेको छ। संविधान संशोधन गर्नै नहुने भन्ने होइन । समयअनुरुप संशोधन हुनुपर्छ । संविधान संशोधन हचुवाको भरमा गर्न हुँदैन । सबैभन्दा पहिला संविधान कुन–कुन विषयमा संशोधन गर्ने हो त्यसबारेमा सरकार प्रष्ट हुनुपर्छ।

राजनीतिक दल र सांसदहरु प्रष्ट हुनुपर्छ। संविधान संशोधनको विषयमा पर्याप्त छलफल गर्नुपर्छ। संशोधन जनताको पक्षमा हुनुपर्छ । संशोधन कुनै राजनीतिक पार्टीको स्वार्थको लागिभन्दा पनि आवश्यकताको आधारमा हुनुपर्छ । संविधान संशोधनको नाममा दलित, महिला, आदिवासी जनजाति, मधेसीलगायत उत्पीडित समुदायको अधिकार कटौती हुनुहुँदैन। बरु उनीहरुको अधिकार थप गर्दै व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्छ । संशोधनमा आमजनताको



भावना बुझ्नुपर्छ। सङ्घीयतालाई थप मजबुत बनाउन र निर्वाचन प्रणालीमा सुधार गर्नका लागि संशोधन गर्नुपर्छ। मुलुकको कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचनबाट चुनिने व्यवस्थाको निम्ति संविधान संशोधन गर्न सकिन्छ।

मुलुकमा सुशासन कायम गर्नका निम्ति सबैभन्दा पहिला सरकारले भ्रष्टाचारको अन्त्य गर्नुपर्छ । राजनीतिक दल र दलका नेता सुध्रिनुपर्छ। उनीहरु पारदर्शी हुनुपर्छ। जुनसुकै पार्टीको सरकार भए पनि भ्रष्टाचारीलाई उन्मुक्ति दिनेभन्दा पनि कडाभन्दा कडा कारबाही गर्नुपर्छ। सरकार र राजनीतिक पार्टी वा नेताहरुले भ्रष्टाचारीलाई संरक्षण गर्नुहुँदैन। आफ्नै नेता÷कार्यकर्ता भए पनि भ्रष्टाचारमा संलग्न छन् भने पार्टीले कारबाही गर्न सक्नुपर्छ। अहिलेको निर्वाचन प्रणाली अत्यन्त महङ्गो भएको छ । एउटा निर्वाचनमा चारपाँच करोडसम्म खर्च गर्ने प्रचलन बढेको छ । निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ । त्यो निर्वाचनमा लागेको खर्च निकाल्नका लागि नेताहरु भ्रष्टाचारमा तल्लीन हुने गरेको आरोप छ। नेताहरु जनताप्रति उत्तरदायी नदेखिनु विडम्बना हो।

हाम्रो देशमा सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ। सङ्घीय सरकारले संविधानअनुरुप प्रदेश सरकारलाई अधिकार दिनुपर्ने हो। तर अधिकार दिएको छैन । अधिकार नदिएका कारणले प्रदेश र स्थानीय सरकारले सोचेअनुरुप काम गर्न सकेको छैन। जस्तै, प्रहरी ऐन, निजामती सेवा ऐन अहिलेसम्म पनि बन्न सकेका छैनन् । यी ऐनलाई जतिसक्दो चाँडो ल्याउन कुनै पनि सरकारको तत्परता देखिँदैन।

सङ्घीय सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकार नदिएपछि प्रदेश सरकार घाँडोजस्तै बनाइएको छ। हाम्रो सङ्घीयता भनेको सहकार्यको सङ्घीयता हो। समावेशी सङ्घीयता हो । तर तीन सरकारबीच सहकार्य, समन्वय देखा परेको छैन । सङ्घीय सरकारले प्रदेश सरकारबाट रायसल्लाह लिने वा दिने काम भएको छैन । सङ्घीयता सबलीकरणको निम्ति सङ्घीयतालाई ठीक ढङ्गले बुझ्न जरुरी छ। सङ्घीयता मात्रै भन्ने तर सबै अधिकार सङ्घमा राख्ने गर्नुहुँदैन।

बजेटमा पनि प्रदेश सरकारलाई प्राथमिकता दिएको देखिँदैन । एकदुई लाखसम्मका योजना पनि सङ्घले नै बजेटमार्फत दिने गरेको देखिन्छ। यसको अन्त्य हुन जरुरी छ । अबको बजेट युवाकेन्द्रित हुनुपर्छ। रोजगारी सिर्जना गर्ने गरी सरकारले बजेट ल्याउनुपर्छ। देशभित्र पर्याप्त रोजगारी नभएका कारण धेरै युवा विदेशिने क्रम बढ्दै गएको छ। ती युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्न सरकारले युवा लक्षित कार्यक्रम ल्याउनुपर्छ । संविधानअनुरुपको अर्थ प्रणालीलाई अगाडि बढाउन समाजवादोन्मुख अर्थनीति बनाउनुपर्छ। समाजवादोन्मुख भन्ने तर सबै निजीकरण गर्ने भन्ने हुँदैन। युवाको विदेश पलायन रोक्नका लागि शिक्षा क्षेत्रमा आमूल सुधार गर्नुपर्छ । बन्द भएका कारखाना, उद्योग सरकारले सञ्चालनमा ल्याउनुपर्छ । मुलुकको समृद्धि र परिवर्तनका लागि सङ्घर्ष गरेका मुख्य ठूला तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकापसमा मिल्नुको विकल्प छैन । यी दलहरुबीच आरोप–प्रत्यारोपले राज्यप्रणालीलाई नै कमजोर बनाउँछ। लोकतन्त्रमा यस्तो हुनु भनेको विडम्बना नै हो। जनताको अवस्था सुधारको निम्ति पनि यी तीन शक्ति एकआपसमा मिलेर अगाडि बढ्नुको विकल्प छैन। रासस

# बिपी प्रतिष्ठानमा उल्लेख्य काम गरेका छौँः उपकुलपति डा गिरी

**काठमाडौँ।**
धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मुलुककै सबैभन्दा बढी बिरामीले सेवा लिनेमध्ये संस्थाका रूपमा रहेको छ । दैनिक सेवा लिन आउने करिब तीन हजार पाँच सय बिरामीमध्ये झण्डै ३० प्रतिशत बिरामी भारतीय रहेको प्रतिष्ठानको तथ्याङ्क छ । काठमाडौँ बाहिर मुलुककै प्रतिष्ठित स्वास्थ्य संस्थाका रूपमा स्थापित यो प्रतिष्ठानले पछिल्लो समय आवश्यक पूर्वाधार निर्माणका साथ स्वास्थ्य सेवालाई थप विस्तार र आधुनिकीकरण गर्दै आएको जनाएको छ । हालैमात्र निर्माण सम्पन्न भएको चार सय शय्याको ‘एमसीएच’ भवनलाई आगामी महिना उद्घाटन गरी मातृशिशु सेवा विस्तार र सञ्चालन गर्ने प्रतिष्ठानको योजना छ । यसैगरी प्रतिष्ठानले आइसीयुको सङ्ख्या ३२ शय्याबाट वृद्धि गरेर ७४ शय्या पुर्याएको छभने डायलायसिस सेवा पनि विस्तार गरी १० शय्याबाट विस्तार गरी २३ शय्याको पुर्याएको छ ।

यही सन्दर्भमा प्रतिष्ठानका उपकुलपति डा ज्ञानेन्द्र गिरीले रासससँग कुरा गर्दै लामो समयदेखि थन्केर बसेको एमसीएच भवन आफू उपकुलपति नियुक्ति भएर आएपछि विभिन्न आरोह–अवरोध पार गरी निर्माण सम्पन्न गर्न सफलता प्राप्त भएको बताए । चिकित्सकसमेत रहेका उनले भने, ‘चार सय शय्याको यो भवन यस क्षेत्रकै लागि गौरवको विषय हो । यो भवनमा आगामी महिना उद्घाटन गरी तत्काल दुई सय शय्याको मातृशिशु सेवा विस्तार गरी सुरू गर्दैछौँ भने बाँकी दुई सय शय्यामा विशिष्ट सेवा विस्तार गर्ने योजना बनाएका छौँ ।’ उनले आफू नियुक्त भएर आउने बेला कैयौँ पूर्वाधार विभिन्न कारणले निर्माण स्थगित भई भग्नावशेष भएर रहेका जानकारी गराउँदै भने, ‘एमसीएच, फार्मेसीलगायत महत्त्वपूर्ण भवन लेनदेनले कुरा नमिलेर अन्योलमा रहेका थिए, म आएको तीन महिनामा निर्माण सुरू गर्न लगाएँ । निर्माणलगायत विवादको विषय अख्तियार दुरूपयोग अनुसन्धान आयोगसम्म पुगेको थियो । सबै कानुनी प्रक्रिया पूरा गरी ‘पिजी’ होस्टल निर्माणदेखि इमर्जेन्सी सेवालाई समेत विस्तार गररेर अत्याधुनिक बनायौँ ।’ अहिले प्रतिष्ठानको इमर्जेन्सी सेवा मुलुककै आधुनिक, ठूलो र सुविधासम्पन्न बनेको उनको भनाइ छ ।



सन् १९९३, जनवरी १८ मा स्थापना भएको प्रतिष्ठानपछि सामाजिक रूपमा उत्तरदायी, सक्षम स्वास्थ्य कार्यबल विकास गर्ने, स्वास्थ्य सेवा प्रदान गर्ने तथा नवीन स्वास्थ्य अनुसन्धानमा संलग्न हुने जनादेशका साथ एक स्वायत्त स्वास्थ्य विज्ञान विश्वविद्यालयको रूपमा अक्टोबर २८, १९९८ मा स्तरोन्नति गरिएको थियो । यसको नाम नेपालका सामाजिक उत्थान र राष्ट्रिय एकताका दूरदर्शी नेता महामानव विश्वेश्वरप्रसाद कोइरालाको नामबाट राखिएको हो । भारत सरकारको सहयोगमा स्थापित यो प्रतिष्ठान नेपाल–भारत सहयोगको सफल उदाहरणका रूपमा रहेको छ ।

उनले कोरोना महामारीकै बेला २०७६ साल चैत २६ गते आफू उपकुलपतिमा नियुक्त भएपछि अन्योलको परिस्थितिमा डेढ महिनामै एक सय शय्याको अस्पताल निर्माण गरी सबै प्रकारका बिरामीको उपचार हुनेगरी सञ्चालन गरेको स्मरण गरे । ‘पूर्वाधारसँगै हामीले सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा यस अवधिमा करोडौँका उपकरण थप गरी बिरामीका सेवालाई प्रभावकारी बनाएका छौँ’, उपकुलपति गिरीले भने, ‘दशकौँदेखिका पुराना उपकरणलाई आधुनिक उपकरणले विस्थापित गरेका छौँ । शिक्षक र विद्यार्थीको डेढ दशकदेखि रोकिएको वृत्तिविकास तथा पारिश्रमिक वृद्धि नभएर निराशा बढेको र कतिपयले संस्था छाड्ने क्रम रहेको थियो । यस्तो अवस्थामा म आएपछि आवश्यक प्रक्रिया पूरा गरी एक हजार तीन सय शिक्षक र विद्यार्थीको बढुवा गर्न सफल भयौँ ।’

प्रतिष्ठानले हाल अनुसन्धानका क्षेत्रमा पनि विभिन्न स्वदेश र विदेशमा विश्वविद्यालयसँग सम्झौतामा हस्ताक्षर गरी शोधपत्र तथा अनुसन्धानका काम गरिरहेको छ । विसं २०७४ चिकित्क्षा शिक्षा आयोग बनेपछि कानुनी प्रावधानका कारण प्रतिष्ठानले विदेशी विद्यार्थी भर्ना लिन नपाउँदा आर्थिक समस्या परेको जानकारी दिँदै उहाँले अहिले आफूहरू उक्त समस्यालाई समाधान गर्न लागिपरेको उल्लेख गरे । ‘मेरै नेतृत्वमा सबै प्रतिष्ठानका उपकुलपतिको सहभागितासहित वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीकहाँ भेट्न गयौँ, उनले हाम्रो समस्या राम्रोसँग बुझ्नुभयो । प्रधानमन्त्रीकै पहल र अग्रसरतामा हालै मात्र हामीले ‘पोष्ट ग्राजुएट’ तहमा १० प्रतिशत विदेशी विद्यार्थी भर्ना गर्न पाउने भएका छौँ’, उपकुलपति डा गिरीले भने, ‘विदेशी विद्यार्थीबाट प्रतिष्ठानलाई प्रतिविद्यार्थी दुई करोड शुल्क प्राप्त हुन्छ । चिकित्सा अध्ययन गर्ने विद्यार्थीको समग्र कोटामा पनि वृद्धि भएको छ ।’ दश वर्षदेखि रोकिएको कम्भोकेसन शुरू भएको, सिनेटका बैठक नियमित भएको, नीतिगत सुधार गरिएको विषयलाई उनले आफ्नो कार्यकालको उपलब्धिका रूपमा लिएका छन् । उनले प्रतिष्ठानको फार्मेसी भवन निर्माणपछि सञ्चालन हुँदा बिरामीले पनि सहज रूपमा औषधि पाएका र प्रतिष्ठानलाई पनि लाखौँ आम्दानी वृद्धि भएको जानकारी गराए ।

अबको आफ्नो बाँकी समयावधिमा सिनेटको बैठक बोलाउने, एमसीएस भवन उद्घाटन गरी सञ्चालनमा ल्याउने, हालै संशोधन गरिएको कर्मचारीको नयाँ नियमावलीलाई सिनेटबाट अनुमोदन गराउने, मुटु र क्यान्सरसम्बन्धी सेवा विस्तार गर्ने, जलनसम्बन्धी सेवालाई आधुनिक र विस्तार गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । प्रतिष्ठानले भारत सरकारको सहयोगमा कार्यालयका सेवा डिजिटलाइज्ड बनाउने योजना अघि सारेको छ । ट्रमा सेन्टर र ट्रान्सप्लान्ट सेवा सुरू गर्न सम्झौतामा हस्ताक्षर गर्ने प्रक्रियासमेत अघि बढेको उपकुलपति डा गिरीले बताए ।

उनले नियुक्त भएर आएपछि विभिन्न चुनौतीको सामना गर्नुपरेको प्रसङ्ग निकाल्दै आधा कार्यकाल आफूले विभिन्न मुद्दा मामिला लड्दालड्दै बितेको जानकारी गराउनुभयो । काम गर्ने क्रममा प्रतिष्ठानकै केही पदाधिकारी तथा कर्मचारीबाट अवरोधको सामना गर्नुपरेको बताउँदै उनले त्यसलाई चिर्दै आजको अवस्थासम्म पुगेको जानकारी गराए । ‘अनुशासनहीन शिक्षक र कर्मचारीलाई कारबाही गरी दण्डहीनता अन्त्य गर्न सफल भएका छौँ । प्रतिष्ठानमा हुने गरेको आर्थिक चुहावट नियन्त्रण गर्न सेवालाई पूर्ण रूपमा डिजिटलाइज्ड गर्दैछौँ’, उनले भने ।

मुलुकभरका अन्य प्रतिष्ठानलाई नेपाल सरकारले तलबभत्ताको व्यवस्था गरेको भए पनि आफूहरूले आफैँ कमाएर व्यवस्था गर्नुपरेको जानकारी गराउँदै उपकुलपति डा गिरीले स्वास्थ्य बिमाको ५० प्रतिशत रकम अहिले पनि रोकिएको गुनासो गर्नुभयो । प्रतिष्ठानमा डाक्टर अफ फिलोसोफी (पिएचडी), स्नातकोत्तर, स्नातक र विश्वविद्यालय प्रमाणपत्र कार्यक्रम सञ्चालित छन् । साथै मेडिकल, डेन्टल, नर्सिङ र पब्लिक हेल्थ कलेजसमेत छन् । प्रतिष्ठानमा एउटा सात सय बढी शय्याको केन्द्रीय शिक्षण अस्पताल रहेको छ ।

# संविधान उल्टाउने खेल भइरहेको अध्यक्ष प्रचण्डको आरोप




**मधेशदृष्टि**
**सिरहा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको बलिदानबाट प्राप्त संविधान संशोधनका नाममा उल्टाउने खेल भइरहेको आरोप लगाएका छन् । जनतासँग माओवादी तराई–मधेश जनजागरण अभियानअन्तर्गत शनिबार सिरहा सदरमुकाममा आयोजित जनसभालाई सम्बोधन गर्दै उनले दशवर्षे जनयुद्धको जग र जनआन्दोलनबाट प्राप्त संविधान उल्टाउने प्रयास सफल हुन नदिइने बताए । 'अहिले सरकारमा रहेका दलहरु नै संविधान संशोधनको कुरा गरेर नेपाली जनताको अधिकार सङ्कुचित गर्ने, दुई दलीय व्यवस्था कायम गर्नेतर्फ लागेका छन् । जनताको बलिदानबाट प्राप्त यो संविधान उल्टाउने खेल हामी सफल हुन दिन्नौँ', अध्यक्ष दाहालले भने । उनले विगतका कमजोरी सच्याएर मधेशी जनतासँग पुनः गहिरो सम्बन्ध कायम गर्न आफूहरूले हुलाकी अभियान शुरु गरेको बताए । मधेशी जनताको पक्षमा र मधेशी जनताको आत्मसम्मानका लागि आफ्नो पार्टी सधैँ प्रतिबद्ध रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले माओवादीले जनयुद्धकै क्रममा मधेशी जनताको अधिकार स्थापित गर्न मधेश सरकार गठन र पार्टीभित्र मधेशी राष्ट्रिय मुक्ति मोर्चा गठन गरिएको स्मरण गरे ।

पूर्वप्रधानमन्त्री दाहालले जीर्ण अवस्थामा रहेको हुलाकी राजमार्ग पुनःनिर्माणबारे चर्चा गर्दै आफू पहिलो पटक प्रधानमन्त्री बन्दा भारतसँग कुरा गरेर हुलाकीमार्ग निर्माणको प्रक्रिया अगाडि बढाएको जिकिर गरे । यस्तै, चोहर्वा–सिरहा, सिरहा–कल्याणपुर–मिर्चैया सडक निर्माण, माडर भन्सारको स्तरोन्नतिका लागि निरन्तर प्रयास गर्ने उनको प्रतिबद्धता थियो । 'यसका साथै हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको भत्केको पुल निर्माण प्रक्रिया तुरुन्त अगाडि बढाउन पार्टीका तर्फबाट साथ सहयोग रहन्छ । यसक लागि पहल गर्छौं', दाहालले भने । कार्यक्रममा नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव, माओवादी पार्टीका उप–महासचिव मातृकाप्रसाद यादव, स्थायी समिति सदस्य विश्वनाथ साहलगायतले सम्बोधन गरेका थिए । जिल्ला इन्चार्ज अजयशङ्कर नायकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन केन्द्रीय सदस्य जगतप्रसाद यादवले गरेका थिए ।

# नेपाल र जापानबीच ऐतिहासिक सम्बन्ध छः उपराष्ट्रपति



**मधेशदृष्टि**
**काठमाडौं ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपाल र जापानबीच ऐतिहासिक, सामाजिक एवम् सांस्कृतिक सम्बन्ध रहेको बताएका छन् । उपराष्ट्रपति यादवले जाइका अलमनाई एसोसिएसन अफ नेपाल (जान) को ५१औं वार्षिक समारोहलाई शनिबार काठमाडौंमा प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै नेपाल र जापानबीच ऐतिहासिक एवम् परम्परागत सम्बन्ध रहेको बताएका हुन् । उनले नेपालको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा जापान सरकारलाई धन्यवाद दिँदै जापानी आर्थिक सहयोगका प्रमुख क्षेत्रहरूमा मानव संसाधन विकास, स्वास्थ्य, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण, संस्कृति लगायतको रहेको बताए । उपराष्ट्रपति यादवले 'जान' ले नेपाल र जापानको सुमधुर सम्बन्धलाई जनस्तरसम्म पुर्याउन र जापानमा सिकेको ज्ञान, सीप र प्रविधिलाई नेपालको विकासमा लगाउने दिशामा पुर्याउँदै आएको योगदान महत्वपूर्ण रहेको बताए । उनले जापानको विदेश मन्त्रीबाट 'फोरेन मिनिस्टर्स कमेन्डेसन अवार्ड' प्राप्त गर्न सफल भएकोमा 'जान'लाई हार्दिक बधाई दिँदै नेपाल र जापानबीचको मित्रतालाई अझै घनिभुत बनाउन र जापान सरकारले नेपाललाई गर्ने सहयोगबाट अधिकतम उपलब्धि हासिल गर्न संस्थाका पदाधिकारी तथा सदस्यहरूले थप महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए ।

# नेशनल प्याब्सनको वैधानिकता हामीसँग छः राणा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल प्याब्सनको आठौ राष्ट्रिय महाधिवेशन विभिन्न निर्णय गर्दै वीरगंजमा सम्पन्न भएको छ । महाधिवेशनको बारेमा जानकारी दिँदै नवनिर्वाचित अध्यक्ष गीता राणाले शिक्षा विधेयकका सन्दर्भमा आफूहरु संवेदनशिल रहेको विचार व्यक्त गरिन् । साथै दक्ष जनशक्ति उत्पादन गर्न र बढ्दो विद्यार्थी पलायनलाई रोक्न सबै सरोकारवाला एकजुट हुनु पर्नेमा उनले जोड दिइन् । वीरगंजमा यो महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको र यसले नेशनल प्याब्सनलाई एउटा नयाँ उचाई दिएको उनको भनाई छ । सम्मेलनको समापनसँगै शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले देशको शैक्षिक विकासका निमित्त सबैले हातेमालो गर्दै अघि बढ्नुको विकल्प नभएको बताइन् । उनले भनिन्, 'नेशनल प्याब्सनका केही साथीहरु अर्को महाधिवेशन गर्नु भएको छ । तर सातौ महाधिवेशनसम्म रहेका १२ सय सदस्यमध्ये करिब ७ सय हाम्रो महाधिवेशनमा सहभागि हुन भएको छ । नेशनल प्याब्सनका निवर्तमान अध्यक्ष ज्यू पनि हामीसँग हुनु हुन्छ । त्यही भएर हामी वैधानिक हौँ ।' पत्रकार सम्मेलनमा पूर्व अध्यक्ष पाण्डव हमाल, कार्य समितिका अन्य पदाधिकारीहरु लगायतको सहभागिता रहेको थियो ।

यसैबीच महाधिवेशनले अध्यक्षमा गीता राणाको नेतृत्वमा ५५ सदस्यीय नेशनल प्याब्सनको नयाँ कार्यसमिति निर्विरोध रुपमा चयन गरेको छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा बजेन्द्र मिश्र, महासचिवमा पारस थापा, उपाध्यक्षमा डा.नन्दन यादव, सचिवमा इन्द्रदेव साह लगायत केन्द्रिय समितिको पदाधिकारी तथा सदस्यहरूलाई गएराति सम्पन्न महाधिवेशनको बन्द सत्रले निर्विरोध रुपमा निर्वाचित गरेको नेशनल प्याब्सनका पर्सा जिल्ला अध्यक्ष रामराज श्रेष्ठले जानकारी दिए ।

# परिक्रमाका यात्रीको स्वागतका लागि सार्वजनिक बिदा

**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको स्वागत र परिक्रमा मेलामा सहभागिताका लागि मटिहानी नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक बिदा दिने भएको छ ।
नगरमा आइतबारका लागि सार्वजनिक विदा दिइएको हो । मिथिला माध्यमिकी परिक्रमा यस भेगको सांस्कृतिक तथा धार्मिक उत्सव भएको हुँदा आफ्नो ठाउँमा आइपुग्ने यात्री र अतिथिको स्वागतमा सबैको सहभागिता हुन सकोस् भन्ने ध्येयले सार्वजनिक बिदा दिँदै आइएको नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ | छ ।
मिथिला माध्यमिकी परिक्रमाको 'डोला' (श्रीराम सीताको प्रतिमा राखिएका डोली) साथ यस यात्राका सहभागी यात्री आइतबार मटिहानी आइपुग्दैछन् । यात्राको चौथो दिन 'डोला' मटिहानी आइपुग्ने मिथिलाको स्थापित परम्परा हो ।
मटिहानी परिक्रमा महोत्तरी प्रवेश गर्ने द्वार पनि हो । मटिहानीसँगै लगातार पाँच रात परिक्रमा यात्रीले जिल्लामा बिताउनेछन् ।

# महाकुम्भ गएका तीन जना सम्पर्कविहीन

**मधेशदृष्टि**
**सप्तरी ।**
महाकुम्भ स्नानका लागि भारत गएका सप्तरीका तीन जना सम्पर्कविहीन भएका छन् ।
महाकुम्भ स्नानका लागि गएका सप्तरीका दिदीभाइ सम्पर्कविहीन भएको सात दिन भइसकेको छ । सप्तरीको महादेवा गाउँपालिका वडा नं–६ ढिकुलीका वर्ष ६५ का उमाकान्त झा र उनका ६८ वर्षीया दिदी इन्दिरादेवी झा फागुन ११ गतेदेखि काशी विश्वनाथबाट सम्पर्क विहीन भएको उमाकान्त झाका छोरा दुर्गानन्द झाले जानकारी दिए ।
बुवा र फुपूको खोजीका लागि सबै पक्षसँग सहयोगका लागि उनले आग्रह गरेका छन् ।
यसअघि राजविराज नगरपालिका वडा नम्बर ७ हटियाका वीरेन्द्रकुमार साहका २० वर्षीया छोरी रोशनी कुमारी साह भारतको उत्तरप्रदेशको अयोध्याको राममन्दिरबाट सम्पर्क विहीन भएको १४ दिन बितिसक्दा समेत फेला पर्न सकेको छैन ।

# जनकचौकमा मुकुम्लुङ आन्दोलनको समर्थनमा कोणसभा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति पार्टी, मधेश प्रदेशले मुकुम्लुङमा भइरहेको नो केवलकार आन्दोलनको समर्थनमा जनकचौकमा कोणसभाको आयोजना गरिएको छ ।
नेता राजीव झाले पाथीभरा माताले केवलकार निर्माणको अनुमति नदिएको दाबी गरे । साथै, २०७५ सालअघि संरक्षित क्षेत्र रहेको पाथीभरा पहाडलाई केपी ओली नेतृत्वको सरकारले विकास क्षेत्रमा परिणत गरी आफ्ना कार्यकर्ताहरूलाई सस्तोमा जग्गा किन्न लगाएको र केवलकार निर्माण कम्पनीलाई महँगो मूल्यमा बिक्री गरेको आरोप लगाए ।
उनले फेरी वर्तमान केपी ओली नेतृत्वको सरकार आए पछि स्थानीयवासीमाथि दमन गर्दै केवलकार निर्माण थाल्न लागेको भन्दै यसको सशक्त रूपमा सम्पूर्ण नेपाली जनताले विरोध गर्नुपर्ने धारणा व्यक्त गरे ।
कार्यक्रममा पार्टीका नेता संजय चौधरी, दीपक यादव, विद्यार्थी नेता तनबिर रेजा लगायतकाहरुले मुकुम्लुङ आन्दोलनको समर्थन गर्न सयौं अगुवा कार्यकर्ताको उपस्थित रहेको थियो ।

# १८ देशका अर्थोपेडिक डाक्टरका सम्मेलन वीरगंजमा सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल अर्थोपोडिक संघको आयोजनामा वीरगंजमा पहिलो पटक भएको चार दिवसीय सम्मेलन सम्पन्न भएको छ । चिकित्सा क्षेत्रमा नयाँ खोज अनुसन्धान र प्रविधिको आदान प्रदान गर्न सो सम्मेलन आयोजना गरिएको आयोजकको भनाई छ । सम्मेलनमा नेपाल सहित विभिन्न देशका बरिष्ठ अर्थोपोडिक चिकित्सकहरुको सहभागिता रहेको थियो । शनिबार पत्रकार सम्मेलन गरी सम्मेलनको उपलब्धी, चिकित्सकहरुको अनुभव र छलफल गरिएका विषयका बारेमा जानकारी दिईएको छ । खासगरी नेपाल जस्तो विकासोउन्मुख देशले समेत अर्थोपोडिकको क्षेत्रमा अरु देशसँग प्रतिस्पर्धा गर्न सक्षम रहेको सन्देश यो सम्मेलनले प्रवाह गरेको आयोजक समितिका सचिव डा.सरोज सिंहले बताए । अर्थोको क्षेत्रमा नयाँ प्रविधि, पद्यतीको माध्यमबाट विरामीहरुलाई स्तरीय सेवा प्रदान गर्न पनि यो सम्मेलनले महत्वपूर्ण सन्देश प्रवाह गरेको डा. सिंहको विश्वास छ । सम्मेलनमा नेपाल, भारत, युरोप, जर्मनी, बंगलादेश लगायत गरी १८ देशका ४ सय ८४ जना अर्थोपेडिक चिकित्सकहरुको सहभागिता रहेको थियो । यसअघि शनिबार बिहान वीरगंजमा सम्मेलनको बारेमा सन्देशमुलक जानकारी प्रदान गर्न वाकथनको समेत आयोजना गरिएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन